राजस्व सुधार योजना

(२०७९–८० देखि २०८२–८३)

बहुदरमाईमाई नगरपालिका
नगरकार्यपालिकाको कार्यालय

नगर कार्यपालिकाको कार्यालय

बहुअरी पिडरी, पर्सा

<u>प्रतिवेदन पेस गर्ने :</u>

समिका रिसर्च एण्ड ट्रेनिङ सेन्टर प्रा. लि., ललितपुर

E-mail: samika.rtc2076@gmail.com

दस्तावेजको नाम	बहुदरमाईमाई नगरपालिकाको राजस्व सुधार कार्ययोजना
सहकार्य	प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, जनकपुर
साल	२०८०
परामर्शदाता	समिका रिसर्च एण्ड ट्रेनिङ सेन्टर प्रा.लि., सानेपा, ललितपुर

धन्यवाद ज्ञापन

बहुदरमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बहुअरी पिडरी, पर्सा
मधेश प्रदेश, नेपाल
२०७४

यस बहुदरमाई नगरपालिकाको राजस्व सुधार कार्ययोजना यो नगरपालिका र प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, मधेश प्रदेशको सहकार्यमा तयार गरिएको छ । स्थानीय तहको श्रोत संभाव्यताको अध्ययन गरी राजस्व सुधार कार्ययोजना तयार गर्ने कार्यमा परामर्श सेवा प्रदान गर्ने श्री समिका रिसर्च एण्ड ट्रेनिंग सेन्टर प्रा.लि.ललितपुरलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं । यस नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई साकार बनाउन राजस्व परामर्श समितिको संयोजकको हैसियतमा उपमेयर श्री सुष्मा कुमारी कुशवाहाको योगदानको उच्च कदर गर्दछु । साथै, यस पालिकाको वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरूले प्रदान गर्नु भएको सुझाव र सहयोगको सराहना गर्दछु।

यो कार्ययोजना तर्जुमाका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री महमद शेरे मुस्तफा तथा कर्मचारीवर्गहरूलाई धन्यवाद ज्ञापन गर्दछु । कार्ययोजना तर्जुमाको विभिन्न चरणमा सुझाव सल्लाह दिएर सहयोग पुर्याउनु हुने स्थानीय उद्योगी, व्यवसायी तथा सबै सरोकारवालाहरूलाई पालिकाको तर्फबाट अभार प्रकट गर्दछु । अन्त्यमा, यस राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनका लागि सम्बद्ध सबै सरोकारवालाहरूको रचनात्मक एवं सकारात्मक सहयोग निरन्तर प्राप्त हुने अपेक्षा गर्दछु !

सिंगासन साह
सिंगासन सा तेली
(नगर प्रमुख)
सिंगासन सा तेली
नगर प्रमुख

विषयसूची

परिच्छेद एकः परिचय १

१.१ पृष्ठभूमि १

१.२ राजस्व सुधार योजनाका औचित्यता २

१.३ योजनाले राखेका उदेश्यहरू ३

१.४ योजना तर्जुमा विधि र प्रकृया ३

१.५ योजनाका सीमाहरु ४

परिच्छेदः दुई नगरपालिकाको विद्यमान अवस्था ५

२.१ नगरपालिकाको संक्षिप्त परिचय ५

२.२ नगरपालिकाको भौतिक अवस्था ६

२.३ नगरपालिकाको मानव शंसाधनको अवस्था ७

२.४ करको सैद्धान्तिक व्यवस्था ८

२.५ स्थानीय करको सैद्धान्तिक पक्ष ९

परिच्छेदः तीन ११

स्थानीय तहको राजस्व अधिकार र आय सम्भाव्यता ११

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी सविधानिक र कानुनी व्यवस्था ११

३.१.१ सविधानिक व्यबस्था ११

३.१.२ स्थानीय शासन सञ्चालन ऐन, २०७४ ....१३

३.१.३ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ .... १४

३.१.४ करमा छुट तथा सूविधाहरु १५

३.१.५ नेपालमा कर छुट सम्बन्धी व्यवस्था...१६

३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था...१६

घर जग्गा बहाल कर...१७

३.२.१ आन्तरिक राजस्वको संकलनको अवस्था..१९

३.३ सम्पत्ति कर सम्बन्धी व्यवस्था.. २०

३.३.१ नेपालमा सम्पत्ति कर सम्बन्धी व्यवस्था...२१

३.३.२ सम्पत्ति मूल्याङ्कन प्रक्रिया...२१

३.३.३ सम्पत्ति मूल्याङ्कन आधारहरू २२

३.३.४ सम्पत्ति कर सम्बन्धी व्यवस्था २२

३.३.५ नगरपालिका क्षेत्रको जग्गाको विवरण...२३

३.३.६ घरको बनाबट २४

३.४ भूमि कर सम्बन्धी व्यवस्था २९

३.५ व्यवसाय कर.. २९

३.६ घर बहाल करको अवस्था...३३

३.७ अन्य कर सम्बन्धी व्यवस्था ३४

३.७.१ विज्ञापन कर........ ३४

३.७.२ अन्य कर........ ३५

३.८ गैर कर क्षेत्रमा गरिन सकिने सुधार........ ३५

परिच्छेदः चार........ ३७

आय सकलनको सस्थागत क्षमता तथा सकलन अवस्था........ ३७

४.१ नगरपालिकाको संगठानिक अवस्था........ ३७

४.२ नगरपालिकाको राजस्व नीति........ ३८

४.३ राजस्व परामर्श समितिको गठन........ ३९

४.४ राजश्व ईकाईका काम कर्तव्य र अधिकार........ ४०

४.५ राजस्व शाखा तथा राजस्व प्रशासन........ ४१

४.६ राजस्व परिचालनमा रहेका सबाल........ ४२

४.६.१ सम्पत्ति करका मूख्य सबालहरू........ ४२

४.६.२ भूमि करका मूख्य सबालहरू........ ४३

४.६.३ घर बहाल तथा अन्य करका मूख्य सबालहरू........ ४४

४.७ कर सम्बन्धी पुनरावलोकनको व्यवस्था........ ४४

परिच्छेदः पांच........ ४६

राजस्व योजना........ ४६

५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना........ ४६

परिच्छेदः छ ४९

आगामी तीन बर्षको राजस्व प्रक्षेपण ४९

६.१ नगरपालिकाको आगामी तीन वर्षको राजस्व अनुमान ४९

६.२ निष्कर्ष र सुझावहरु ५०

परिच्छेदः सात ५३

अपेक्षित नतिजा ५३

परिच्छेदः आठ ५५

कार्ययोजनाको अनुगमन तथा मूल्यांकन ५५

सन्दर्भ सामाग्री ५९

तालिकाको सुची

तालिका १ नगरपालिकाको मानव शंसाधनको अवस्था...७

तालिका २ करका सिद्धान्तहरु...९

तालिका ३ करका तहगत अधिकार क्षेत्र...१२

तालिका ४ स्थानीय तहको कर सम्बन्धी अधिकार र कर्तब्य.......................................१३

तालिका ५ प्रदेश र स्थानीय तहको करको बाँडफाँड १४

तालिका ६ कर छुट सम्बन्धी व्यवस्था...१५

तालिका ७ करको कार्यान्वयनको अवस्था..१६

तालिका ८ नगरपालिकाको आयको श्रोत र हालको अवस्था.......................................१७

तालिका ९ बहुदरमाईमाई नगरपालिकाको राजस्व संकलनको अवस्था १९

तालिका १० संरचनाका प्रकार...२२

तालिका ११ संरचनाको मूल्याङ्कन...२३

तालिका १२ जग्गाको बर्गिकरण २४

तालिका १३ सम्पत्ति करको गणना प्रकृया..२७

तालिका १४ जग्गाको वर्गिकरण..२८

तालिका १५ कृषि भूमिको वर्गिकरण...२९

तालिका १६ नगरपालिकाको व्यवसाय करको दर ३०

तालिका १७ नगरपालिकाको व्यवसाय करको संभाव्यता ३३

तालिका १८ बहुदरमाईमाई नगरपालिकाको संगठानिक स्वरुप ३७

तालिका १९ राजस्व नीति ३८

तालिका २० राजस्व परामर्श समितिका पदाधिकारीहरु ४०

तालिका २१ राजस्वको विद्यमान अवस्था ४६

तालिका २२ बहुदरमाईमाइ आगामी तीन वर्षको राजस्व अनुमान ४९

....

आकृतिका सुची

आकृति १ जनसंख्या र घरधुरीको अवस्था ६

आकृति २ घरको बनावटको अवस्था २५

आकृति ३ घरको बनावटको अवस्था २६

आकृति ४ आकारको आधारमा व्यवसाय ३२

आकृति ५ घरको स्वामिस्व अवस्था ३४

आकृति ६ जन्म दर्ताको अवस्था ३६

आकृति ७ अन्तरक्रिया कार्यक्रमका केही तस्वीरहरू ६४

आकृति ८ अन्तरक्रिया कार्यक्रमका सहभागीहरू ६४

परिच्छेद एकः परिचय

१.१ पृष्ठभूमि

सरकार वा सरकारी तहलाई अनिवार्य रूपमा भुक्तानी गर्नुपर्ने वित्तीय दायित्व कर हो। करदाताले समानुपातिक आधारमा राज्यबाट सुविधा पाउँदैन। कानुनले दिएको क्षेत्राधिकार, दर र श्रोतमा मात्र कर लगाउन पाईन्छ। कानुनमा व्यवस्था भएमा बाहेक कर लिन पाइँदैन। राज्य वा राज्यका तहहरूबाट कर सङ्कलन गरिन्छ। करको दर असमान पनि हुन सक्दछ तर सकेसम्म समान बनाउनु पर्ने सामाजिक मान्यता रहेको हुन्छ। कर धनी वा आयस्रोत धेरै भएका व्यक्तिहरूबाट धेरै लिई कम आयस्रोत वा सम्पत्ति भएका व्यक्तिहरूका लागि योगदान गरी समानता कायम गर्ने प्रणाली पनि हो। सङ्कलित कर रकम सर्वसाधारणमा सकेसम्म बढी भन्दा बढी फाइदा हुने किसिमले खर्च गर्नु पर्दछ। कर नीति नियम तय गर्दा ध्यान दिनुपर्ने सिद्धान्त र उद्देश्यहरू संक्षिप्त रूपमा देहाय बमोजिम उल्लेख गरिएको छ।

१. सरकार सञ्चालनका लागि आवश्यक पर्ने खर्चको व्यवस्था गर्नु,
२. सामाजिक न्याय स्थापना गर्नु,
३. आर्थिक न्याय र समानता स्थापना गर्नु,
४. समष्टिगत आर्थिक स्थायित्व कायम गर्नु।

स्वास्थ्यलाई हानी गर्ने सुर्तीजन्य पदार्थ तथा समाजलाई नकारात्मक असर गर्ने मदिरा जस्ता वस्तुहरूलाई उच्च करको दरबाट निरुत्साहित गर्न सकिन्छ। वातावरण प्रदूषण गर्ने क्षेत्रलाई समेत उच्च दरको कर लगाई निरुत्साहित गर्ने गरिन्छ। मदिरा सामाजिक अपराध प्रोत्साहित गर्ने वस्तु भएकोले थप कर लगाएर सामाजिक अपराध न्यूनीकरणको प्रयास गरिन्छ। जनस्वास्थ्यलाई नकारात्मक असर गर्ने वस्तु तथा सेवा जस्तै सुर्तीजन्य तथा मदिराजन्य वस्तुहरूमा कर र अन्य नियन्त्रणका उपाय समेत अपनाइएको हुन्छ।

सर्वसाधारणले प्रयोग गर्ने आधारभूत वस्तुहरू सहज र सस्तो रूपमा उपलब्ध गराउने र राज्यका प्राथमिकताका क्षेत्रमा न्यून कर लगाई लगानी वृद्धि, रोजगारी सिर्जना, आर्थिक वृद्धि समेत राज्यका उद्देश्यहरू हुन। यी उद्देश्यहरू कर नीति मार्फत प्रवर्द्धन गरिन्छ। आर्थिक न्यायको दृष्टिकोणले राज्यले

प्राथमिकता दिनुपर्ने क्षेत्रहरू जस्तै कृषि, स्वास्थ्य, शिक्षा तथा सोलाई प्रवर्द्धन गर्ने क्षेत्रहरूलाई समेत प्रोत्साहन गर्न न्यून कर लगाउनु उपयुक्त देखिन्छ। आधारभूत आवश्यकताका क्षेत्रहरूमा कम कर लगाई प्रोत्साहन गर्नु र विलासिताका क्षेत्रहरूमा बढी कर लगाई निरुत्साहित गर्नु उपयुक्त देखिन्छ। धनी र उच्च आय भएका व्यक्तिहरूसँग बढी कर लिई कम आय भएका व्यक्तिहरूलाई वितरण गरी आय असमानता कम गर्न सकिन्छ।

साधारण करको दर प्रगतिशील हुनुपर्ने, कर तिर्ने क्षमताको आधारमा लगाउनु पर्ने, करदाता रहेको क्षेत्रमा पाइने सुविधाको आधार कर लगाउने गरिन्छ। करको आधार के हुने? कर केमा लगाउने भन्ने यकिन गर्नुपर्ने, कर लाग्ने श्रोत एक भन्दा बढी भएमा कर लाग्ने आधार सबै एकीकृत गर्नुपर्ने, तिर्न सक्ने आधारमा करको दर तय गर्ने र कर तिर्ने व्यक्तिका लागि कर तिर्ने समय र स्थान समेत सरल र सहज हुनुपर्ने मान्यता राखिन्छ।

१.२ राजस्व सुधार योजनाका औचित्यता

नेपालमा संविधान जारी गरेपछि स्थानीय तहहरू समेत स्वायत्त र अधिकार सम्पन्न भएका छन्। स्थानीय तहहरूबाट तोकिएका क्षेत्रमा कर सम्बन्धी नीति निर्माण, कर आधार र कर निर्धारणमा संवैधानिक रूपमा अधिकार सम्पन्न भएका छन्। सेवा प्रवाह र श्रोतको परिचालनमा समेत स्थानीय तहहरूको अपनत्व हुने भएकोले खर्चको आवश्यकता र सम्भाव्यताको आधारमा करको निर्धारण गर्न सकिने देखिन्छ। खर्चमा स्थानीयहरूको प्रत्यक्ष रूपमा स्वयं संलग्न हुने भएकोले श्रोतको परिचालन स्व स्फूर्त हुने मान्यता राखिन्छ। गाउँपालिका र नगरपालिकाको आन्तरिक श्रोतको अनुपात वृद्धि गर्न, आन्तरिक श्रोतलाई भरपर्दो श्रोतमा विकसित गर्ने, करका व्यवस्थामा सामान्यता ल्याउन, न्यायिक र अनुमानित बनाउन तथा सरोकारवालाहरूको सहभागिता अभिवृद्धि गर्न राजस्व सुधार कार्य योजनाले मार्ग निर्देशन गर्ने अपेक्षा गरिएको छ।
स्थानीय सरकारको जिम्मेवारी थपिँदै जाँदा बजेटको आकार समेत बढ्दै गइरहेको छ। बजेटको आकार बढ्दै जाँदा कर सङ्कलन पनि बढाउनु पर्ने आवश्यकता हुन्छ। अन्तर्राष्ट्रिय अभ्यासमा पनि बढी चलायमान नहुने स्थायी प्रकृतिका श्रोतहरूमा कर लिने प्रचलन रहेको छ। चलायमान हुने श्रोतहरूमा केन्द्रीय सरकार वा प्रदेश सरकारले कर लिने व्यवस्था रहेको छ। स्थानीय कर साधारणत Benefit Principle को आधारमा लगाइन्छ। करको आधार, दर र समय तोकिँदा त्यस क्षेत्रको आय श्रोत, आय

हुने सम्भावना र भुक्तानी गर्ने समय फरक फरक हुन सक्दछ। नेपालको संविधानले स्थानीय तहलाई चलायमान श्रोत र चलायमान नहुने दुवै श्रोतमा कर लगाउन सक्ने अधिकार दिएको छ। खास गरी घरजग्गा चलायमान नहुने एक स्थानीय तहका करको कारण अन्य स्थानीय तहमा असर नहुने हुन सक्दछ तर अन्य श्रोतहरूमा कर लगाउँदा अन्य स्थानीय क्षेत्रको कर प्रणालीमा प्रत्यक्ष प्रभाव रहने भएकोले करको आधार, दर, तरिका र समयको कारण प्रत्यक्ष प्रभाव पर्न सक्ने देखिन्छ।

१.३ योजनाले राखेका उदेश्यहरू

स्थानीय तह खास गरी बहुदरमाईमाई नगरपालिकाको आन्तरिक राजस्व सम्बन्धी व्यवस्थाको पुनरावलोकन गरी समष्टिगत विश्लेषण गर्नु यसको मूख्य उद्देश्य रहेको छ। यस योजनाका खास गरी देहाय बमोजिम विशेष उद्देश्यहरू रहेका छन् ।

१. नगरपालिकाको विद्यमान कर प्रणाली, कर नीति, प्रक्रिया तथा करको दरको विश्लेषण गर्ने,
२. कर सम्बन्धी व्यवस्थालाई वस्तुगत बनाउने तथा आन्तरिक आयका श्रोतहरूको पहिचान गरी विश्लेषण गर्ने,
३. नगरपालिकाको आन्तरिक श्रोतको विकास गर्न तथा राजस्व सम्बन्धी नीतिको दीर्घकालीन आधार बनाउन आवश्यक अध्ययन/विश्लेषण गर्ने,
४. करमा स्वैच्छिक सहभागिता वृद्धि गर्न तथा खर्चको श्रोतको पहिचान गर्न गरिनुपर्ने नीतिगत, प्रक्रियागत क्षेत्रमा आवश्यक विश्लेषण र राय सुझाव दिने,

१.४ योजना तर्जुमा विधि र प्रकृया

राजस्व योजना तर्जुमाका सम्बन्धमा निम्न विधि अपनाइएको छः

१. स्थानीय करका सिद्धान्त, विभिन्न मुलुकका अन्तर्राष्ट्रिय अभ्यास, स्थानीय तह वा विकेन्द्रित सरकारको बारेमा पूर्व अध्ययन गरिएको छ।
२. नेपालको संवैधानिक व्यवस्था, स्थानीय सरकार सम्बन्धी ऐनहरू, अर्थ मन्त्रालय र सङ्घीय मामिला मन्त्रालयबाट जारी भएका निर्देशन, निर्देशिका, कार्यविधि, सर्कुलरहरूको अध्ययन गरिएको छ।
३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रकाशनहरूबाट तथ्याङ्कहरूको विश्लेषण गरिएको छ। स्थानीय शासनसँग सम्बन्धित विज्ञहरूसँग राय सुझाव लिइएको छ।

४. स्थानीय पालिकाका पदाधिकारी, सरोकारवाला तथा कर्मचारीसँग अन्तरक्रिया तथा अन्तरवार्ता गरिएको छ।
५. स्थानीय तहमा स्वयं उपस्थित स्थलगत अवलोकन र सरोकारवालासँग अन्तरक्रिया र छलफल आयोजना गरिएको छ।

१.५ योजनाका सीमाहरु

अध्ययनका खास गरी देहाय बमोजिम सीमाहरू रहेका छन्

१. यो प्रतिवेदन खास गरी दोस्रो स्रोतको तथ्याङ्कको आधारमा तयार गरिएको छ। प्रतिवेदनको विश्वसनीयता उपलब्ध भएका तथ्याङ्कको विश्वसनीयतामा आधारित छ।
२. सामान्य विधि अनुपात, वृद्धिदर लगायतका आधारमा मात्र सूचनाको विश्लेषण गरिएको छ। आधुनिक र तथ्याङ्कीय विश्लेषण विधिको आधारमा गरिएको छैन।
३. योजनामा प्राथमिक तथ्यहरूलाई समेत विश्लेषण गरिएको छ। सुभाब दोस्रो तथ्याङको आधारमा प्रस्तुत गरिएको छ ।

परिच्छेदः दुई
नगरपालिकाको विद्यमान अवस्था

२.१ नगरपालिकाको संक्षिप्त परिचय

बहुदरमाई नगरपालिका मधेश प्रदेशको पर्सा जिल्लामा अवस्थित रहेको छ। यस नगरपालिकाको स्थापना २०७३ सालमा भएको हो। नगरपालिकाको क्षेत्रफल ३१.५५ वर्ग किलोमिटर रहेको छ। केन्द्रीय तथ्याङ्क विभागको २०७८ सालको राष्ट्रिय जनगणना अनुसार नगरपालिकाको कुल जनसङ्ख्या ४३७८० रहेको छ। २०६८ सालमा जनसङ्ख्या ३९६७३ रहेको थियो। जसमध्ये २०७३४ पुरुष र १८९३९ महिला रहेका थिए। यस नगरपालिकाको गठन साबिकका विश्रामपुर, वैरियाविर्ता, रामनगरी, भौराटार, गम्हरिया, बहुवरी, पिडारी र नगरदाहा गाउँ विकास समिति समावेश गरी गरिएको हो। बहुदरमाई नगरपालिका नेपालको मूख्यद्वार वीरगन्ज भन्दा १४ किलोमिटर दुरीमा रहेको छ।

यस नगरपालिकाको जनघनत्व १३७८ प्रति वर्ग किमी रहेको छ। नगरपालिकामा लैङ्गिक अनुपात १०९ रहेको छ। पुरुषको जनसङ्ख्या १०९ हुँदा महिलाको जनसङ्ख्या १०० रहेको छ। नगरपालिकाको सबैभन्दा बढी जनसङ्ख्या वडा नं २ मा रहेको छ। बहुदरमाईमाई नगरपालिकामा २०६८ मा भन्दा २०७८ सालमा घर परिवार सङ्ख्या बढेको छ। घर परिवारको सङ्ख्याको आधारमा वडा नं २, ४ र ५ क्रमशः बढी घर परिवार सङ्ख्या रहेको छ।



	१	२	३	४	५	६	७	८	९
घर परिवार संख्या २०६८	४७४	९०८	४८५	८५८	६९७	६०२	६३६	५१०	५११
घर परिवार संख्या २०७८	५४३	१०३९	६०९	१०३१	८८८	७९०	७६३	५९४	७००



आकृति १ : जनसंख्या र घरधुरीको अवस्था

२.२ नगरपालिकाको भौतिक अवस्था

बहुदरमाई नगरपालिकाको मूख्य भवन र बडा कार्यालय समेत सबै भाडामा संचालन भएको देखिन्छ । नगरपालिकाको स्वामित्वमा कुनै जग्गा वा घरजग्गा छैन । तर नगरपालिकालाई आवश्यक पर्ने अन्य पूर्वाधार, आवश्यक मात्रामा कम्प्युटर, ल्यावटप, अनबरत इन्टरनेटका लागि आवश्यक सरसामान

रहेको देखिन्छ । नगरपालिकामा यातायातका साधनहरु समेत रहेका छन् । नगरपालिकाकामा मेयर, उपमेयर तथा प्रमुख प्रशासकिय अधिकृतका लागि डाईभर सहितको मोटरगाडि उपलब्ध रहेको छ । साथै नगरपालिकामा जेसीपि, एम्बुलेन्स, २ वटा टयाक्टर रहेको देखिन्छ । नगरपालिकामा जम्मा जम्मी ३४ वटा मोटरसाईकल रहेको देखिन्छ ।

२.३ नगरपालिकाको मानव शंसाधनको अवस्था

नगरपालिकाको जनशक्ती विवरण र थप घट भएको जनशक्तीको विवरण देहाय बमोजिम रहेको छ । नगरपालिकामा २५ जना थप दरबन्दी आवश्यक रहेको र सो मध्ये अधिकांश करारमा आपूर्ति गर्न सकिने पालिकाको ओएनएम सर्भेले देखाएको छ । साथै पालिकाका लागि नगर प्रहरी समेत आवश्यक रहेको सो समेत करार मार्फत आपूर्ति गर्न सकिने देखिाएको छ ।

तालिका १ नगरपालिकाको मानव शंसाधनको अवस्था

पद	तह	सेवा	मौजुदा दरबन्दी	थप	घट	जम्मा
प्रमुख कार्यकारी अधिकृत	९/१० औ	सामान्य प्रशासन	१			१
अधिकृत	९/१० औ	शिक्षा	१		१	०
सि.डि.ई.	९/१० औ	इन्जीनियरिङ	१		१	०
अधिकृत	६/७ औ	सामान्य प्रशासन	३		१	२
लेखा अधिकृत	६/७ औ	प्रशासन (लेखा)	१			१
अधिकृत	६/७ औ	शिक्षा	१			१
जन स्वास्थ्य अधिकृत	७/८ औ	स्वास्थ्य	१	१		२
इन्जीनियर	६/७ औ	इन्जीनियरिङ	१	०		१
इन्जीनियर	६/७ औ	इन्जीनियरिङ		१		१
आलेप अधिकृत	७/८ औ	सामान्य प्रशासन	१	०	1	०
प.हे.न.	५/६ औ	स्वास्थ्य	१			१
सि.अ.हे.ब	५/६ औ	स्वास्थ्य	१	१		२
महिला विकास अधिकृत	६औ	विविध		१		१
सुचना पविधी अधिकृत	६ औ	विविध		१		१
सहायक	४/५औ	प्रशासन	७			७
लेखा सहायक	५ औ	प्रशासन	१			१
कम्प्युटर अपरेटर	५औ	विविध	१			१
प्रा.स.	५ औ	विविध	१			१

पद	तह	सेवा	मौजुदा दरबन्दी	थप	घट	जम्मा
सव इन्जीनियर	५औ	इन्जीनियरिङ		१		१
सव इन्जीनियर	५औ	इन्जीनियरिङ	२	३		५
सहायक महिला विकास निरिक्षक	४/५ औ	विविध	२			२
अमिन	चौथो	इन्जीनियरिङ	१			१
आन्तरिक लेखा परिक्षक सहायक	४/५ औ	प्रशासन		१		१
सहायक लेखापाल	चौथो	प्रशासन	१			१
वातावरण निरिक्षक	५ औ	विविध		१		१
कार्यालय सहयोगी	श्रेणी विहिन			९		९
हेभी सवारि चालक	श्रेणी विहिन			१		१
हलुका सवारी चालक	श्रेणी विहिन			७		७
पाले	श्रेणी विहिन			४		४
नगर प्रहरी सहायक निरिक्षक	श्रेणी विहिन			१		१
नगर प्रहरी हवल्दार	श्रेणी विहिन			२		२
नगर प्रहरी जवान	श्रेणी विहिन			१०		१०
			२९	४५	4	७०

स्रोत संगठानिक प्रतिवेदन, बहुदरमाई नगरपालिका, २०८०

नगरपालिकाले आवश्यक जनशक्तिको पुनरावलोकन गरी केहि पदहरु थप तथा केहि पदहरु घटाएको छ । साविकमा कुल ४५ जना जनशक्ति रहेकोमा सो संख्यालाई बढाई कुल ७० जनशक्ति आवश्यक रहेको प्रतिवेदनमा उल्लेख गरेको छ । थप जनशक्तीबाट पालिकाको सेवा थप सुदृढ हुने र राजस्व परिचालन समेत प्रभावकारी हुने अपेक्षा गर्न सकिन्छ ।

२.४ करको सैद्धान्तिक व्यवस्था

सरकार सञ्चालन, सामाजिक तथा आर्थिक न्याय स्थापना र समष्टिगत आर्थिक स्थायित्व कायम गर्न कर औजार प्रयोग गरिन्छ। नकारात्मक सूचीमा रहेका वस्तुहरू, स्वास्थ्यलाई हानी गर्ने, समाजलाई नकारात्मक असर गर्ने वस्तुहरूमा समेत उच्च दरको कर लगाई निरुत्साहित गर्नुपर्दछ। प्राकृतिक क्षय गर्ने वा वातावरणलाई असर गर्ने क्रियाकलापलाई उच्च करको दरबाट सामाजिक न्याय स्थापना गर्न सकिन्छ। उत्पादनमा साथसाथै प्रयोगमा समेत उच्च दरको कर लगाउनु सामाजिक न्यायको दृष्टिकोणले उपयुक्त हुन्छ। जस्तै मदिराको कारण सामाजिक अपराध उच्च हुने भएकोले मदिराको प्रयोग हुने क्षेत्रहरू जस्तै होटेल तथा रेस्टुरेन्टमा मदिरा प्रयोग गर्ने वा नगर्ने होटेलहरूमा करको दर

फरक गर्नु मनासिब हुन्छ। मदिराको खपत गर्ने पार्टी प्यालेसहरू लगायतका क्षेत्रमा समेत अन्यको तुलनामा बढी कर लगाउनु उपयुक्त देखिन्छ।

आर्थिक न्यायको दृष्टिकोणले प्राथमिकता दिनुपर्ने क्षेत्रहरू जस्तै कृषि क्षेत्र, स्वास्थ्य, शिक्षाका तथा सोलाई प्रवर्धन गर्ने क्षेत्रहरूलाई समेत प्रोत्साहन गर्ने, स्वास्थ्य सम्बन्धी संस्थाहरू जस्तै प्रयोगशाला तथा रोजगारी सिर्जना गर्ने क्षेत्रहरूलाई समेत प्रोत्साहन गरी कर लगाउनु उपयुक्त देखिन्छ । आधारभूत आवश्यकताका क्षेत्रहरूमा कम कर लगाई प्रोत्साहन गर्नुपर्ने, विलासिताका क्षेत्रहरूमा बढी कर लगाई निरुत्साहित गर्नु उपयुक्त देखिन्छ।

कर लगाउँदा खास गरी देहायका सिद्धान्तहरूलाई ध्यान दिनुपर्ने हुन्छः

तालिका २ करका सिद्धान्तहरु

सिद्धान्तहरु	विवरण
प्रगतिशील कर	करको दर बढि आय वा सम्पति हुनेलाई मात्रा अनुसार करको दर उच्च हुदै जाने व्यवस्था
समानताको सिद्धान्त	सम्पत्ति वा आय जुनसुकै श्रोतबाट आर्जित भएपनि समानतहको आयमा समान करको भार हुनुपर्ने व्यवस्था
सहजताको सिद्धान्त	कर रकम भुक्तानी गर्ने समय सहज हुनुपर्ने
प्रशासनिक लागत	कर संकलन गर्ने लागत कर रकम भन्दा कम हुनुपर्ने
उत्पादकत्व बढाउने	कर संकलन गरेको रकम उत्पादकत्व बढाउने काममा खर्च भएको हुनुपर्ने
सजिलो	कर बुझाउन सकेसम्म सजिलो हुनुपर्ने
निष्पक्ष	करको कारण कुनै आर्थिक गतिविधिहरु निरुत्साहित हुन नहुने
पुन वितरण हुने	कर रकम बढि सम्पत्ति र आय भएका व्यक्तिहरुसँग लिई कम आय भएका व्यक्तिहरुलाई सहयोग गर्नका लागि लिइनुपर्ने
समान हुनु पर्ने	करको दर, करको प्रकृया, कर सम्बन्धी नीति समान हुनुपर्ने। समानता बनाउने खालको हुनुपर्ने

२.५ स्थानीय करको सैद्धान्तिक पक्ष

स्थानीय तहको खर्चको आवश्यकता र आकाङ्क्षा समेत उच्च हुँदै गइरहेको छ। विकेन्द्रीकरण सिद्धान्त अनुसार स्थानीय तहले सर्वसाधारणका सेवामा प्रत्यक्ष रूपमा संलग्न हुनु पर्ने आवश्यकता

बढ्दै गएको छ । सो सेवाका लागि स्थानीय सरकारको बजेटको आकार बढाउनुपर्ने, अन्य श्रोतबाट कर आय सङ्कलन भएमा, सम्पत्तिको मूल्याङ्कनको दरमा परिवर्तन गर्नुपर्ने आवश्यकता र कर लगाउने दर तय हुँदा वार्षिक बजेट मार्फत खर्चको आवश्यकतामा समेत अनुमान गरी विभिन्न श्रोतहरूबाट करको सङ्कलन गर्न सकिन्छ। साथै वार्षिक बजेट मार्फत कुनै करको दर परिवर्तन गर्ने, कर लगाउने तरिकामा परिवर्तन गर्ने र करको दरमा परिवर्तन गर्न सकिन्छ। अन्तर्राष्ट्रिय अभ्यास हेर्दा स्थानीय तहले लिने प्रकृतिमा खास गरी अन्य स्थानमा करको कारण बढी असर नगर्ने श्रोतहरू स्थायी प्रकृतिका श्रोतहरूमा कर लिने प्रचलन रहेको छ। चलायमान हुने श्रोतहरूमा केन्द्रीय सरकार वा प्रदेश सरकारले कर लिने व्यवस्था रहेको छ। सहरीकरण बढ्दै गएको स्थानमा स्थानीय कर बढी सङ्कलन हुने गरेको छ। सहरीकरणले गर्दा ठुला ठुला घर बन्ने भएकोले स्थानीय करको सबैभन्दा दिगो श्रोत घर जग्गा करको श्रोत हुन्छ। उद्योग तथा व्यापार समेत उच्च भएको कारण व्यवसाय करको समेत श्रोत हुने गर्दछ।

स्थानीय कर साधारणतया Benifit Principle को आधारमा लगाइन्छ। सोही कारण करको आधार, दर र समय तोकिँदा त्यस क्षेत्रको आयको श्रोत, आय हुने सम्भावना र भुक्तानी गर्ने समय फरक फरक हुन सक्दछ। नेपालको संविधानले स्थानीय तहलाई चलायमान श्रोत र चलायमान नहुने दुवै श्रोतमा कर लगाउन सक्ने अधिकार दिएको छ। खास गरी घरजग्गामा चलायमान श्रोत नभएको कारण एक स्थानीय तहका करको कारण अन्य स्थानीय तहमा असर हुँदैन तर व्यावसायिक क्षेत्रमा कर लगाउँदा अन्य क्षेत्रमा कर प्रणालीको आफ्नो क्षेत्रमा समेत प्रत्यक्ष प्रभाव रहने भएकोले करको आधार, दर, तरिका र समयको कारण प्रत्यक्ष प्रभाव पर्न सक्ने देखिन्छ। स्थानीय कर लगाउँदा खास गरी देहाय बमोजिमका सिद्धान्तको आधारमा लगाउनु बढी उपयुक्त हुन्छ ।

१. कर प्रगतिशील आधारमा लगाउनु पर्दछ।
२. कर तिर्ने क्षमताको आधारमा कर लगाउनु पर्दछ।
३. कर लगाउने क्षेत्रमा रहेका सुविधाको आधारमा कर लगाउनु पर्दछ।
४. करको आधार के हुने कर केमा लगाउने भन्ने स्पष्ट रूपमा यकिन गर्ने।
५. एक भन्दा बढी श्रोत भएमा कर लाग्ने आधार सबै एकै स्थानमा ल्याउने।
६. करको दर (कति दरमा कर लगाउने)
७. कर कहिले तिर्ने (कर तिर्ने समय)

परिच्छेदः तीन

स्थानीय तहको राजस्व अधिकार र आय सम्भाव्यता

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी सविधानिक र कानुनी व्यवस्था

नेपालको सविधान २०७२ अनुसार खासगरी देहाय बमोजिम आर्थिक अधिकार रहेका छन ।

३.१.१ सविधानिक व्यबस्था

नेपालको संविधान (२०७२) को धारा ५९ ले स्थानीय तहलाई आफ्नो अधिकार भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने अधिकार दिएको छ। स्थानीय तहले बजेट बनाउने र बजेट पेस गर्ने समय सङ्घीय कानुन बमोजिम हुने व्यवस्था गरेको छ। साथै सङ्घ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको सम न्यायिक वितरणको व्यवस्था गर्नु पर्ने व्यवस्था छ। त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानुन बमोजिम वितरण गर्नु पर्ने व्यवस्था रहेको छ।

धारा ६० मा सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने तर साझा सूचीभित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेका विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारको हुने व्यवस्था रहेको छ। सङ्घले सङ्कलन गरेको राजस्व सङ्घ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने र प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने व्यवस्था रहेको छ। सङ्घले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था समेत रहेको छ।

संविधानको धारा २२८ मा कानुन बमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाइने व्यवस्था गरेको छ। स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पुँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानुन बनाई कर लगाउन सक्नेछ। संविधानले स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहने सो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनु पर्ने व्यवस्था गरेको छ। सोको खर्च सम्बन्धी व्यवस्था स्थानीय कानुन बमोजिम हुने उल्लेख गरिएको छ।

साथै धारा २३० मा गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानुन बमोजिम गाउँ सभा वा नगर सभामा पेस गरी पारित गराउनु पर्ने र राजस्व र व्ययको अनुमान पेस गर्दा घाटा बजेट भएमा सङ्घीय कानुन र प्रदेश कानुन बमोजिम घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गर्नु पर्ने व्यवस्था रहेको छ।

तालिका ३ करका तहगत अधिकार क्षेत्र

तह	करको अधिकार क्षेत्र
स्थानीय तह	सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), मनोरञ्जन कर पर्यटन शुल्क, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना ।
प्रदेश	घरजग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, पर्यटन, सेवाशुल्क दस्तुर, दण्ड जरिवाना
संघीय सरकार	भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर राहदानी शुल्क, भिसा शुल्क पर्यटन दस्तुर, सेवा शुल्क र दण्ड जरिवाना जस्ता गैर करहरू
संघ, प्रदेश र स्थानीय तह	संघ, प्रदेश र स्थानीय तह सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क

नेपालको संविधानको अनुसूची ८ ले स्थानीय तहलाई एकलौटी अधिकार दिएको छ। संविधानको अनुसूची ९ ले सङ्घीय, प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा राखिएको छ। अनुसूची ६ मा घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर,

सेवा शुल्क दस्तुर, दण्ड जरिवाना प्रदेश सरकारको अधिकार क्षेत्रको रूपमा राखेको छ। सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन करलाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र राखेको छ।

सङ्घीय सरकारलाई भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर तथा राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क र दण्ड जरिवाना जस्ता गैर करहरू लगाउने अधिकार दिइएको छ। कुनै पनि तहको सरकारले कर लगाउन सक्ने भनेर उल्लेख नभएका विषयमा कर लगाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे अनुसार हुने व्यवस्था समेत संविधानमा गरिएको छ।

३.१.२ स्थानीय शासन सञ्चालन ऐन, २०७४

ऐनले स्थानीय सरकार गाउँपालिका र नगरपालिकालाई सम्पत्ति कर, जग्गा कर, घर भाडा कर, व्यवसाय कर, पार्किङ शुल्क लगाउन सक्ने व्यवस्था गरेको छ। त्यसै गरी स्थानीय सरकारले जडीबुटी तथा जडीबुटी उत्पादनमा कर, फोहोरको पुन प्रयोग सामग्री कवाडीमा कर, पदयात्रा, र्‍याफ्टिङ, बन्जी जम्प, खानेपानी, विद्युत्, सार्वजनिक पुस्तकालय, सरसफाइ, सडक, बसपार्क, पर्यटन, गेस्ट हाउसको शुल्क लगाउन सक्नेछ। ऐनको दफा ३८ देखि ४७ सम्म स्थानीय तहलाई देहायका बमोजिमका अधिकार रहेका छन्।

तालिका ४ स्थानीय तहको कर सम्बन्धी अधिकार र कर्तब्य

– स्थानीय, प्रदेश र सङ्घीयलाई दिएको अधिकार बमोजिम स्थानीय तहलाई सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर, सेवा शुल्क, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमि कर र मनोरञ्जनको नीति, कानुन, कार्यान्वयन र नियमन गर्ने अधिकार रहेको	– ढुङ्गा, माटो, काठ, स्लेट चट्टान जस्ता प्राकृतिक र खनिज उत्पादनहरूको बिक्री र निर्यातमा कर निर्धारण र सङ्कलन – सिफारिस, दर्ता, नवीकरणीय, इजाजत पत्र मा शुल्क निर्धारण र सङ्कलन – स्थानीय राजस्वको प्रवर्द्धन र प्रोत्साहन गर्ने – तथ्याङ्क र राजस्वको जानकारीको आदानप्रदान

– स्थानीय पूर्वाधार र सेवा शुल्कहरूको निर्धारण, सङ्कलन र प्रशासन – ट्रेकिङ, कयाकिङ, जिप फ्लायर ऱ्याफ्टिङ, केवल कार, बन्जी जम्प, मोटर बोट, र्याफ्टिङ, सेवा शुल्क साहसिक र नवीन पर्यटन सेवा शुल्कमा लगाइने – जडीबुटी र जडीबुटी सामग्री र जीवित जनावरबाट कर लगाउने – स्थानीय राजस्वको विस्तार र प्रवर्द्धन आधार	– सङ्घीय र प्रदेश कानुन बमोजिम राजस्व चुहावट नियन्त्रणका लागि नीति, कानुन, मापदण्ड र नियमावली तयार गर्ने – पूर्वाधारमा प्रयोग हुने नीति, कानुन, मापदण्ड र नियमन गर्ने – भूमि करको सङ्कलन – अन्य निर्दिष्ट अधिकार कर र सेवा शुल्क सम्बन्धित कार्य गर्ने

स्रोतः स्थानीय शासन सञ्चालन ऐन, २०७४

३.१.३ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले प्रदेश सरकार र स्थानीय सरकार मा दोहोरो पर्न गएका घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन करबाट प्राप्त आयलाई बाँडफाँट गर्ने व्यवस्था मिलाएको छ ।

तालिका ५ प्रदेश र स्थानीय तहको करको बाँडफाँड

करका किसिम	दर र दायराको तय	संकलन	बाडफांड हिस्सा	
			स्थानीय	प्रदेश
घरजग्गा रजिष्टेशन शुल्क	प्रदेश	स्थानीय तह	६०	४०
सवारी साधन कर	प्रदेश	प्रदेश सरकार	४०	६०
मनोरञ्जन कर	प्रदेश	स्थानीय तह	६०	४०
विज्ञापन कर	स्थानीय तह	स्थानीय तह	६०	४०
मूल्य अभिवृद्धि कर	संघिय सरकार	संघिय सरकार	१५	१५
अन्तशुल्क आन्तरिक उत्पादन	संघिय सरकार	संघिय सरकार	१५	१५
पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतवाट प्राप्त हुने रोयल्टी	संघिय सरकार	संघिय सरकार	२५	२५

स्रोतः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

घरजग्गा रजिस्ट्रेसन कर प्रदेश कानुन स्थानीय तहले लगाउने व्यवस्था भए पनि हाललाई नेपाल सरकारले तोकेको तह मालपोत मार्फत सङ्कलन गरी स्थानीय तहलाई ६० प्रतिशत र प्रदेश सरकारलाई ४० प्रतिशतका दरले बाँडफाँड गर्ने, सवारी साधन कर प्रदेश सरकारले उठाई ६० प्रतिशत रकम प्रदेश सरकारले र ४० प्रतिशत स्थानीय तहले बाँडफाँड गर्ने अधिकार दिएको छ। मनोरञ्जन कर प्रदेश कानुन बमोजिम स्थानीय तहले उठाई स्थानीय तह र प्रदेश सरकारले पाउने गरी व्यवस्था गरिएको छ। विज्ञापन कर स्थानीय कानुन बमोजिम सङ्कलन गरी स्थानीय तहले ४० प्रतिशत प्रदेश सरकारलाई दिने व्यवस्था रहेको छ । मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादन तर्फको अन्तःशुल्क बापत प्राप्त रकमको ७० प्रतिशत नेपाल सरकारले, १५ प्रतिशत प्रदेश र १५ प्रतिशत स्थानीय तहले पाउने व्यवस्था गरेको छ भने प्राकृतिक श्रोत साधनको रोयल्टीबाट प्राप्त रकम ५० प्रतिशत नेपाल सरकारले, २५ प्रतिशत रकम सम्बन्धित प्रदेशले र २५ प्रतिशत रकम स्थानीय तहलाई वाँडफाँट गर्नुपर्ने व्यवस्था गरेको छ।

३.१.४ करमा छुट तथा सूविधाहरु

अन्तर्राष्ट्रिय अभ्यास अनुसार साधारणत देहाय बमोजिमका व्यक्ति तथा संस्थाहरूलाई स्थानीय कर छुट दिन सकिने अवस्थाहरू रहेको देखाएको छ।

तालिका ६ कर छुट सम्बन्धी व्यवस्था

कर छुट सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास	
- १८ वर्षभन्दा कम उमेर भएको व्यक्ति - करदाता पूर्णरुपमा विद्यार्थीको रुपमा भए	- कूटनैतिक नियोगको सम्पत्ति - सरकारी तह वा सार्वजनिक जग्गा भए - सार्वजनिक रुपमा प्रयोग गरिने जस्तै पार्टी पौवा वा व्यक्तिगत रुपमा भएको जग्गाको

- करदाताले आफ्नो परिवारको सदस्य बाहेक अन्य व्यक्तिलाई हेरचार गर्न पर्ने अवस्था भए	सार्वजनिक प्रयोगका लागि भए पनि कर रकम छोड्न सकिने

३.१.५ नेपालमा कर छुट सम्बन्धी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐनले देहाय बमोजिमका स्रोतहरूमा कर छुट हुनुपर्ने व्यवस्था गरेको छ।

- प्रचलित कानुन बमोजिमका कूटनीतिक संस्था वा कूटनीतिज्ञहरू
- नेपाल सरकार, प्रदेश, विश्वविद्यालय, सरकारी अस्पताल, सरकारको मातहतमा रहेका उद्योग तथा विकास समितिबाट सञ्चालित विदेशी ऋण तथा सहयोगमा सञ्चालित आयोजनाबाट पैठारी हुने वस्तु तथा सेवा
- समूह वा संयुक्त बासिन्दा अन्तर्गत अवशिष्ट घर र जग्गा निर्माणमा एकीकृत कर लाग्ने छैन। तर अन्य प्रयोजनका लागि प्रयोग गर्दा कर लगाइन्छ।
- सङ्घीय, प्रदेश वा स्थानीय सरकारको पूर्व स्वीकृतिमा संयुक्त आवास क्षेत्रको प्रयोगमा संयुक्त आवासीय क्षेत्र र बगैंचा, पार्किङ र सडकमा कुनै पनि एकीकृत सम्पत्ति कर लगाइने छैन।

३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

बहुदरमाईमाई नगरपालिकाका आन्तरिक आयको प्रमुख स्रोतहरू खास गरी देहाय बमोजिम रहेका छन्।

तालिका ७ करको कार्यान्वयनको अवस्था

संवैधानिक व्यवस्था	**बहुदरमाईमाई नगरपालिका**
भूमि कर (मालपोत)	भूमि कर (मालपोत)
सम्पत्ति कर	सम्पत्ति कर
सवारी कर (टांगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)	सवारी कर (टांगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)

घर जग्गा बहाल कर	घर जग्गा बहाल कर
व्यवसाय कर	व्यवसाय कर
जडिबुटि, कबाडी र जिवजन्तु कर	जडिबुटि, कबाडी र जिवजन्तु कर
विज्ञापन कर	विज्ञापन कर
मनोरञ्जन कर	मनोरञ्जन कर

श्रोतः नेपालको संविधान तथा आर्थिक ऐन २०७९।०८० बहुदरमाईमाई नगरपालिका

नगरपालिकाले प्रत्येक वर्ष आर्थिक ऐन मार्फत संविधानले दिएको दायरा अन्तर्गत कर तथा शुल्क लगाउने गरेको छ। संविधानमा उल्लेख भए बमोजिम भूमिकर, सम्पत्ति कर, सवारी साधन कर, घर बहाल कर, व्यवसाय कर, जडीबुटी, कवाडी र जीवजन्तु कर विज्ञापन कर, मनोरञ्जन कर लगाउन सक्ने व्यवस्था नगरपालिकाको आर्थिक ऐनमा गरेको छ। यी मध्ये सम्पत्ति कर, भूमि कर, घर बहाल कर व्यवसाय कर जस्ता करहरू सङ्कलन भएको देखिन्छ भने अन्य करहरू प्रभावकारी रूपमा परिचालन भएको देखिँदैन। मनोरञ्जन कर तथा विज्ञापन कर को श्रोत नै कमजोर देखिन्छ। यी करहरू कार्यान्वयन गर्दा समेत साधन र श्रोतको उपयोग र कर सङ्कलन गर्दा लाग्ने खर्च तथा त्यसबाट सङ्कलित हुने राजस्व रकमको समेत विश्लेषण गर्नुपर्ने आवश्यकता देखिन्छ।

तालिका ८ नगरपालिकाको आयको श्रोत र हालको अवस्था

आयका प्रकार	**संभावनाको विवरण (छ/छैन)**	**संकलन भएको/ नभएको**	**दर निर्धारण भएको /नभएको**
क) कर तर्फ			
सम्पत्ति कर	छ	छैन	छैन
भूमि कर (मालपोत)	छ	छ	छ
सवारी कर (टांगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)			
घर जग्गा बहाल	छ	छ	छ
व्यवसाय कर	छ	छ	छ
जडिबुटि, कबाडी र जिवजन्तु कर	छ	छैन	छैन
विज्ञापन कर	छ	छैन	छैन
मनोरंजन कर	छ	छैन	छैन
ख) अन्य राजस्व	छैन	छैन	छैन
स्लेट, ढुङ्गा,गिट्टी, बालुवा, माटोजन्य वस्तुको बिक्री	छैन	छैन	छैन

आयका प्रकार	**संभावनाको विवरण (छ/छैन)**	**संकलन भएको/ नभएको**	**दर निर्धारण भएको /नभएको**
काठ,दाउरा, दहत्तर। बहत्तरको बिक्री	छैन	छैन	छैन
वन पैदावार सामुदायिक वनको) बिक्रीबाट प्राप्त आय	छैन	छैन	छैन
नक्सापास दस्तुर	छ	छ	छ
व्यक्तिगत घटना दर्ता तथा बिलम्ब शुल्क	छ	छ	छ
बहाल बिरौटी कर	छ	छैन	छैन
पार्किङ शृल्क		छैन	छैन
स्थानीय खानेपानी महशुल	छ	छैन	छैन
स्थानीय विद्युत महशुल	छैन	छैन	छैन
केवलकार, ट्रेकिङ कायाकिङ, बन्जीजम्प, जिपप्लायर, प्याराग्लाईडिङ, मनोरंजन तथा साहासिक खेलकुंद सम्बन्धी सेवा तथा व्यवसायमा सेवा शुल्क	छैन	छैन	छैन
निर्माण संचालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा स्थानीय पूर्वाधार र सेवामा सेवा शुल्क (खानेपानी, बिजुली, धारा,अतिथी गृह, धर्मशाला, पुस्तकालय, सभागृह, धर्मशाला, पुस्तकालय, ढलनिकास, सडक बत्ती, शौचालय, पार्क,पौडी पोखरी, व्यायामशाला, पर्यटकिय स्थल, हाटबजार, पशुबधशाला, शवदाह गृह, धोवीघाट,सडक, बसपार्क पुल आदि	छ	छ	छ
मूल्याङ्कन सेवा शुल्क	छ	छ	छ
दर्ता, अनुमति, तथा नविकरण दस्तुर(एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म	छ	छ	छ
ढुङा, गिटी, बालुवा, नुन, माटो, खरिढुङा, स्लेट जस्ता वस्तुहरुको सर्वेक्षण, उत्खलन तथा उपभोग शुल्क	छैन	छैन	छैन
वडा मार्फत गरिने सिफारिस तथा प्रमाणित दस्तुर	छ	छ	छ
दण्ड तथा जरिवाना	छ	छ	छ

नगरपालिकाले भूमि कर, सम्पत्ति कर, घर बहाल कर जडीबुटीमा कर सङ्कलन गरेको छ। तर आर्थिक ऐनमा व्यवस्था भए पनि सवारी कर (टाँगा, रिक्सा, अटो रिक्सा, ई रिक्सा) कर, विज्ञापन कर र मनोरञ्जन कर सङ्कलन गरेको देखिँदैन। सवारी करको सम्भावना नै देखिँदैन साथै विज्ञापन कर र

मनोरञ्जन कर हालको अवस्थामा निकै न्यून देखिन्छ। यी करको कार्यान्वयनमा कर भन्दा सङ्कलनका लागत बढी लाग्ने सक्ने देखिन्छ।

३.२.१ आन्तरिक राजस्वको संकलनको अवस्था

अमेरिका र क्यानडामा स्थानीय करले कुल ग्राहस्थ उत्पादनको ३.५ प्रतिशत योगदान गर्दछ। साथै उच्च आय भएका मुलुकहरूमा कुल ग्राहस्थ उत्पादनको १.१, मध्य आय भएका मुलुकहरूमा ०.६ प्रतिशत, न्यून आय भएका मुलुकहरूमा मात्र ०.३ प्रतिशत रहेको छ। साधारण खर्चमा न्यून आय भएका मुलुकहरूमा १ प्रतिशत रहेको छ भने उच्च आय भएका मुलुकहरूमा ४.५ प्रतिशत रहेको छ साथै स्थानीय करले कुल राजस्वको ३७ प्रतिशत सम्म योगदान गरेको देखिन्छ।

अधिकांश मुलुकहरूमा केन्द्रबाट कर सङ्कलन गर्दा र स्थानीयबाट खर्च गर्दा बढी प्रभावकारी हुने देखिएको छ । स्थानीय तहमा स्थानीय क्षेत्रमा सम्भावना भएका क्षेत्रहरूमा मात्र बढी ध्यान दिएको हुन्छ । राज्यका नीतिहरू जस्तै पुन वितरण हुने आयकर केन्द्रीय तहलाई दिइएको हुन्छ। खास गरी सम्पत्ति सम्बन्धी करहरू राज्यको स्थानीय स्तरमा विकेन्द्रित गरिएको हुन्छ।

नगरपालिकाले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन अन्तर्गतका कर राजस्व लगाउन सक्ने अधिकार नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था गरिएको छ। तर सम्पत्ति कर, बहाल बिटौरी कर, जडीबुटी, जीवजन्तु तथा कवाडी कर सङ्कलन गरेको छैन। यसका साथै सवारी साधन कर ढुङ्गा, गिटी बालुवा कर, पार्किङ शुल्क सङ्कलन गरेको छैन। प्रचलित व्यवस्था अनुसार सङ्कलन गर्न पाउने विज्ञापन कर र मनोरञ्जन कर सङ्कलन भएको देखिँदैन।

तालिका ९ बहुदरमाईमाई नगरपालिकाको राजस्व संकलनको अवस्था

विवरण	२०७६/०७७	२०७७/०७८	२०७८/०७९
भूमि कर घर जग्गा रजिष्टेशन समेत	३१२०९०८	४३९४४४	२७२६८७४३
घरजग्गा बहाल कर	२६४८७२	५६६००	९०५००
बहाल बिटौरी कर	०	०	०
जडिबुटी, जीवजन्तु र कवाडी कर	०	०	०
सवारी साधन कर	०	०	०
पुर्वाधार उपयोग	०	५२५००	१०६५००

व्यवसाय कर	०	११२५००	१२६८००
ढुङ्गा, गिटी, बालुवा	०	०	०
अन्य शेवा सुल्क	१४६४८०	१८०१००	२२२०००
अन्य कर	२९२९०	२८०५००	३३०१००
पर्यटन शुल्क		०	०
न्यायिक दस्तुर		५२००	१२६००
अन्य प्रशासनिक दस्तुर		०	२८०६००
पार्किङ शुल्क		०	०
नक्सा पास दस्तुर	२५४२५	२२५००	३६२००
सिफारिस दस्तुर	१९२२०३	४०२६००	६०५५००
व्यतिगत घटना दर्ता		१०५२००	२८०२००
नाता प्रमाणित दस्तुर		६०१००	१२६१००
अन्य दस्तुर	२०५८४०	०	९९००००
व्यवसाय दर्ता दस्तुर	३७९००	४४००	५२००
न्यायिक दण्ड			
कर राजस्व		५०७९६४४४	२८१४४६४३

श्रोतः आन्तरिक अभिलेख, बहुदरमाईमाई नगरपालिका, २०८०

३.३ सम्पत्ति कर सम्बन्धी व्यवस्था

सम्पत्ति करको धेरै सम्भावना भएको कर प्रणाली हो। सहरीकरण भएको क्षेत्रमा मूल्य समेत बढ्ने भएकोले यो क्षेत्रमा बढी कर लिन र कर आधारमा समेटिन सकिन्छ। यो कर राजनैतिक क्षेत्रसँग समेत बढी जोडिएकोले बढी संवेदनशील कर प्रणाली पनि हो। सबैभन्दा बढी सम्भावना सहरीकरणमा नै हुन्छ। सम्पत्ति र आयको आधारमा लिइने कर २० प्रतिशत व्यक्तिले ८० प्रतिशत कर तिर्ने र ८० प्रतिशत व्यक्तिहरू २० प्रतिशत कर तिर्ने अवस्था हुन सक्दछ। सम्पत्ति कर बढी राजनीतिसँग प्रत्यक्ष जोडिने भएकोले बढी संवेदनशील कर प्रणाली रूपमा लिइन्छ। स्थानीय कर खास गरी सम्पत्ति कर प्रत्यक्ष कर भएको कारण प्रशासनिक व्यवस्था बढी जिम्मेवार हुनुपर्ने आवश्यकता रहन्छ।

सम्पत्तिको मूल्य सरकारले गरिदिने व्यवस्थाको आधारमा क्षेत्र विशेषमा आधारमा हुन्छ। यो चलायमान नभएको कारण आर्थिक दक्षता समेत उच्च भएको कर प्रणाली हो। जग्गा प्राकृतिक उपहार भएको र सरकारी सुविधा र कार्यक्रमको कारण सम्पत्तिको मूल्यमा फरक पर्दछ। करको दर पालिकाले दिने सेवासँग सामञ्जस्य गरेमा करदाताको कर तिर्ने चाहाना उच्च हुन जान्छ जस्तै शिक्षा, पूर्वाधारमा गरिने

खर्च र स्वास्थ्य क्षेत्रमा गरिने खर्चका लागि कर सङ्कलन गरेमा करदाताले बढी फाइदा लिन सक्ने भएकोले सो तिर्न स्व स्फूर्त लाग्दछ भन्ने सिद्धान्त रहेको छ । तर करको आधार तथा दर तय गर्दा कर तिर्न सक्ने क्षमताको आधारमा तय हुनुपर्दछ।

सहायक घर	बनजङ्गल परिचालन गर्न बनेको घरजग्गा
आवासीय घर	कृषि फर्म वा कृषि उब्जनीका लागि प्रयोग गरिएको घरजग्गा
मुख्य उद्योग चलेको घरजग्गा	
लघु तथा घरेलु उद्योग चलेको घरजग्गा	मनोरञ्जनका लागि निर्माण गरिएको घरजग्गा

कुनै घरजग्गा एक भन्दा बढी प्रयोजनका लागि प्रयोग गरिएको भए प्रतिशतको आधारमा कर निर्धारण गर्न सकिन्छ।

३.३.१ नेपालमा सम्पत्ति कर सम्बन्धी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५५ अनुसार नगरपालिका वा नगरपालिकाले सम्पत्ति कर लगाउन पाउने व्यवस्था रहेको छ। सम्पत्ति कर लगाउँदा घरजग्गाको आकार, प्रकार, बनौट, उपयोग वा अचल सम्पत्तिको उत्पादनशील र उपयोगको अवस्था, नागरिकको जीवनस्तर आर्थिक स्तर कर तिर्ने क्षमताको आधारमा कर लगाउनु पर्ने व्यवस्था गरेको छ। अचल सम्पत्तिको प्रचलित बजार मूल्यको आधारमा कर लगाउने तथा ह्रास कट्टी तथा पालिका सभाले आवश्यक ठानेका अन्य विषयको आधारमा कर लगाउन पाउने व्यवस्था छ। सभाले मापदण्ड बनाएर सम्पत्ति कर छुट दिने व्यवस्था रहेको छ।

३.३.२ सम्पत्ति मूल्याङ्कन प्रक्रिया

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको कार्यविधिमा गाउँपालिका/ नगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गालाई आवश्यकता अनुसार क्षेत्र विभाजन गरी त्यस्तो क्षेत्र वा प्रत्येक वडाका बासिन्दाको एकीकृत सम्पत्तिको विवरणको लगत कायम गर्न सक्ने व्यवस्था गरेको छ। उपरोक्त विवरण तयार सम्पत्तिको मूल्याङ्कनका लागि गाउँपालिका/नगरपालिकाले दक्ष र विशेषज्ञ समेत रहेको बढीमा ५ जनाको मूल्याङ्कन समिति गठन गर्न सक्नेछ। मूल्याङ्कन समितिले सम्पत्ति कर लगाउन योग्य मूल्य निर्धारण गर्न सिफारिस गर्दा देहायका आधारमा गर्नुपर्ने उल्लेख गरिएको छ।

३.३.३ सम्पत्ति मूल्याङ्कन आधारहरू

- सम्पत्ति कर लगाउन योग्य मूल्य निर्धारण गर्दा प्रचलित बजार भाउलाई आधार मान्ने,
- भौतिक संरचनाको मूल्य प्रचलित बजार भाउबाट कायम हुन आएको मूल्यमा ह्रास कट्टी गर्ने,
- मूल्याङ्कन गर्ने प्रयोजनको लागि ह्रास कट्टी गर्दा संरचनाको बनोटको आधारमा प्रत्येक तीन वर्षमा छ प्रतिशतदेखि बिस प्रतिशतसम्म गर्ने,
- जग्गा बाहेक अन्य भौतिक संरचनाको मूल्याङ्कन दर संरचनाको बनोट, त्यसको आर्थिक उपयोगको महत्वको आधारमा मूल्य निर्धारण गर्ने,
- भौतिक संरचनाको मूल्य निर्धारण गर्दा क्षतिग्रस्त वा भत्केको अवस्था भएमा क्षतिग्रस्त वा भत्केको भाग बराबरको मूल्य घटाउने।

३.३.४ सम्पत्ति कर सम्बन्धी व्यवस्था

नगरपालिकाको आर्थिक वर्ष २०७९।०८० को आर्थिक ऐनको व्यवस्था बमोजिम देहाय बमोजिम सम्पत्ति कर लगाउने व्यवस्था गरेको छ। उक्त ऐनले दर कार्यपालिकाले तोके बमोजिम हुने व्यवस्था गरेको छ।

तालिका १० संरचनाका प्रकार

क्रस	संरचनाका प्रकार	सम्पत्तिको आयु
१	ढुङ्गा वा इटाको पर्खाल	-
२	भित्र काँचो बाहिर पाको ईटामा माटोका जोडाई भएको वा काठै काठबाट बनेको र जस्ता, झिंगटी, टायल, एसबेस्टसको छाना भएको घर	२५ वर्ष
३	भित्र बाहिर पाको ईटा वा ढुंङ्गामा माटोको जोडाई भई भित्र बाहिर सिमेन्ट प्लास्टर गरी छाना ढलान-आर.सि.सि.वा आर.वि.सि.) गरिएको वा जस्ता, टायल, झिंगटी, एसबेस्टसको छाना भएको घर	३० वर्ष
४	भित्र बाहिर पाको ईटा वा ढुङ्गामा सिमेन्ट प्लास्टर गरी छाना ढलान — आर.सि.सि.वा आर.वि.सि.) गरिएको घर	७० वर्ष
५	आर.सि.सि.फ्रेम स्ट्रेक्चरमा लिफ्ट-एक्सलेटर जडान भएको घर	१०० वर्ष
६	स्टील फ्रेम स्ट्रक्टर, फ्रविङट्रस, फाईवर वा यस्तै संरचना	-

श्रोतः आर्थिक ऐन २०७९।०८०, बहुदरमाईमाई नगरपालिका

तर नगरपालिकाले ह्रास कट्टीको दर र मूल्याङ्कन दर तोकिएको छैन। जसको कारण सम्पत्ति कर लागु हुन सकेको छैन। घरजग्गाको मूल्याङ्कनका गर्दा साधारणत हाललाई निम्न दर तोक्ने र मूल्याङ्कन क्रमशः बढाउदै लैजान सकिन्छ।

तालिका ११ संरचनाको मूल्याङ्कन

विवरण	मूल्याङ्कनको दर वर्ग फिट रु मा	ह्रासकट्टी दर	अधिकतम आयु
माटोको जोडाई पाको इट्टा, काठको घर, प्रिफ्याव भवन		३ प्रतिशत	२५ वर्ष
पाको इट्टा ढुङ्गा माटोको जोडाई		२ प्रतिशत	३५ वर्ष
भित्र बाहिर पाको इट्टा सिमेन्ट जोडाई		१.५ प्रतिशत	५० वर्ष
स्टील स्टकचर्स		२ प्रतिशत	३५ वर्ष
आरसिसि फ्रेम स्टकर्स		१ प्रतिशत	७५ वर्ष

३.३.५ नगरपालिका क्षेत्रको जग्गाको विवरण

नगरपालिकाको कुल क्षेत्रफल मध्ये कुल क्षेत्रफल मध्ये ८९.२९ जग्गा कृषियोग्य जमिन रहेको देखिएको छ। भू उपयोग नीति अनुसार यस किसिमका जमिन ७६.४९ प्रतिशत प्रस्तावित गरिएको छ। व्यापारिक तथा सांस्कृतिक क्षेत्रका लागि सोही अनुसार जमिन ०.०३ र ०.०४ प्रतिशत जमिन रहेको छ। नगरपालिकामा बन जङ्गल क्षेत्र छैन। नगरपालिका क्षेत्रमा ३.७५ प्रतिशत क्षेत्र रहेको छ। तर औद्योगिक क्षेत्रका लागि विद्यमान ०.३९ प्रतिशतबाट ०.६९ मा प्रस्तावित गरिएको छ। तर खानीजन्य जमिन छैन । सार्वजनिक प्रयोगका लागि साबिककै जस्तै १.५२ प्रतिशत रहेको छ। आवासीय जग्गा ४.९९ प्रतिशत बढाएर १७.८५ प्रतिशत प्रस्ताव गरिएको छ।

तालिका १२ जग्गाको बर्गिकरण

	सावikको जग्गा		प्रस्तावित जग्गा	
	वर्ग मिटर	धुरमा	वर्ग मिटर	धुरमा
कृषि	२८१७२०८८	१६६४०३३	२४०१४८७१	१४१८४८०
बाणिज्य	१०३९३	६१३	१०३९३	६१३
उधोग	१२४२९८	७३४१	२१९०५२	१२९३९
आवासिय	१५७५३२८	९३०४९	५६३२२४७	३३२६७८

श्रोतः भू उपयोग नीति, २०८०, बहुदरमाईमाई नगरपालिका

माथिको तालिका अनुसार नगरपालिका क्षेत्रको कृषियोग्य जमिनलाई १६६४०३३ बाट घटाई १४१८४८० मा कायम गरिएको छ। यसबाट २४५५५३ धुर कृषि भूमि कम भएको छ। वाणिज्य सम्बन्धी हालको जग्गालाई सो तह ६१३ धुरमा कायम गरिएको छ। उद्योगको लागि आवश्यक जग्गा हालको ७३४१ धुरबाट १२९३९ धुर कायम गरिएको छ। यसबाट उद्योगको लागि ५५९८ धुर जग्गा थप छुट्टाइएको छ। आवासीय क्षेत्रका लागि हालको ९३०४९ धुरलाई बढाई ३.५ गुणा बढाई ३३२६७८ धुर जग्गा कायम गरिएको छ। यसलाई आवासीय क्षेत्रमा २३९६२९ धुर जग्गा घर तथा आवासीय क्षेत्रका लागि कायम गरिएको छ।

३.३.६ घरको बनाबट

नगरपालिकामा स्थापना केन्द्रीय तथ्याङ्क विभागको २०७८ को जनगणना अनुसार घरको प्रकृति र बनौट देहाय बमोजिम रहेको छ।



	1	2	3	4	5	6	7	8	9
Total	543	1039	609	1031	888	790	763	594	700
Total Galvanized sheet	17	45	16	26	38	95	81	81	31
Total Reinforced cement concrete	190	468	182	341	250	243	279	215	289
Total Thatch / straw cement concrete	56	160	77	44	124	96	80	62	12
Total Tile cement concrete	276	357	327	617	420	353	313	234	361
Total Stone/ slate cement concrete	3	6	3	3	6	1	5	2	5
Total Wood / planks cement concrete	1	2	4	0	43	2	4	0	1



आकृति २ घरको बनावटको अवस्था

छानोको हिसाबले बहुदरमाईमाइ नगरपालिकामा सबैभन्दा बढी सिमेन्टको छानोको घरको सङ्ख्या वडा न ४ मा रहेको छ। घर सङ्ख्या र माटोले बनेका घर समेत धेरै सङ्ख्यामा रहेका छन्।



	1	2	3	4	5	6	7	8	9
	543	1039	609	1031	888	790	763	594	700
Mud bonded bricks/ stone	24	91	20	4	216	178	109	8	58
Cement bonded bricks/ stone	224	537	221	398	287	368	371	284	340
Wood / planks	17	1	7	3	11	6	12	1	1
Bamboo	270	404	361	625	372	236	269	301	301
Unbaked bricks	6	1	0	1	0	0	1	0	0
Galvanized sheet	0	3	0	0	0	2	0	0	0
Prefabricated sheet	0	0	0	0	0	0	0	0	0
Other	2	2	0	0	2	0	1	0	0

आकृति ३ घरको बनावटको अवस्था

कर प्रयोजनका लागि साधारणत सम्पत्तिको मूल्य गणना गर्न देहाय बमोजिमको प्रक्रिया अपनाउन सकिन्छ। काठमाडौं नगरपालिकाले घरको बनावटको आधारमा मूल्याङ्कन दर रेट, आयु र ह्रास कट्टी दर निर्धारण गरेको छ।

काठमाडौं महानगरपालिकाले माटोको जोडाई भएको घरको मूल्याङ्कन दर रु १५००, ह्रास कट्टी दर ३ प्रतिशत, अधिकता आयु २५ वर्ष तोकिएको छ। पाको इट्टाको घरको मूल्याङ्कन दर रु १८०० ह्रास कट्टी दर दर २ प्रतिशत र आयु ३५ वर्ष तोकिएको छ। सिमेन्टको जोडाई भएको घरको मूल्याङ्कन दर २३००, ह्रास कट्टी दर १.५, स्टिल स्टकर्स को रु २४००, ह्रास कट्टी २ प्रतिशत र आयु ३५ वर्ष रहेको देखिन्छ। आरसिसी फ्रेम स्टकर्स प्रति वर्ग फुट रु २६००, ह्रास कट्टी १ प्रतिशत, आयु ७५ वर्ष रहेको छ।

तालिका १३ सम्पत्ति करको गणना प्रकृया

Types of Houses	Calculation	Value in Rs
Raw House	1000 Sq*1500 Per sq ft	Xxxxx
	Less: Depreciation (–.)	Xxxxx
	Net Amount	Xxxxx
	Add: Value of Land (०००००*१०)	Xxxxx
	Total Value	Xxxxxx
	Tax	Xxxxxx
	Total number of House Made	Xxxxx
	Estimated amount	Xxxxx
RCC Frame structure	Value of a House Per sq ft * @ sq ft	Xxxxx
	Less: Depreciation 10 %	Xxxxx
	Net Amount	Xxxxx
	Add: Value of Land (*10)	Xxxxx
	Total Value of House (Value of House +Value of Land)	Xxxxx
	RCC Frame structure (number of houses)	Xxxxxx
	Total value of cemented house	Xxxxx
	Estimated Property tax (0.01%)	Xxxxx

बहुदरमाईमाईको भर्खरै सम्पन्न भू उपयोग नीति बमोजिम नगरपालिकाको कूल क्षेत्रफलको जग्गालाई पुन चित्रीकरण गरी कृषि भूमिलाई घटाइएको छ भने उद्योग र आवासीय जग्गालाई बढाइएको छ।

भू उपयोग नीति अनुसार विद्यमान उपयोगको आधारमा सम्पत्ति कर जम्मा सम्भावना १ करोड ४१ लाख सङ्कलन हुन सक्ने अनुमान गरिएको छ। यो अनुमान गर्दा औद्योगिक र वाणिज्यका लागि वर्गीकरण गरिएको जग्गा प्रति कट्टा रु २६०,००० मूल्याङ्कन गरिएको छ भने आवासीय जग्गा रु १३०, ००० प्रति कट्टा हुने अनुमान गरिएको छ। यो साधारणत बजार मूल्यको ५० प्रतिशत मात्र मूल्याङ्कन गरिएको छ। करको दर प्रत्येक सयमा १० पैसा कर लगाउने अनुमानको आधारमा प्रस्ताव गरिएको छ।

तर प्रस्तावित भू उपयोग नीतिमा आवासीय जग्गा झन्डै तीन गुणा बढी भएकोले ४ करोड ६७ लाख ७१ हजार सम्पत्ति कर सङ्कलन हुने अनुमान रहेको छ। कृषि क्षेत्रको जग्गा घटाई आवासीय क्षेत्र र उद्योगका लागि बढी जग्गा प्रस्ताव गरिएकोले यो कर सङ्कलन हुने अनुमान गरिएको छ। जग्गाको

मूल्याङ्कन साबिकको जग्गा जस्तै आवासीय जग्गाको प्रति कट्टा रु १ लाख ३० हजार र उद्योग तथा वाणिज्यको जग्गाको रु २ लाख ६० हजार जग्गाको अनुमान गरिएको छ।

तालिका १४ जग्गाको वर्गिकरण

विध्यमान उपयोगको आधारमा				
आवासिय जग्गा	**जम्मा जग्गा**	**मूल्याङन दर**	**जम्मा मूल्य**	**करको दर ०.०१ %**
बाणिज्य	६१३	२६००००	१५९३८००००	१५९३८०
उधोग	७३४१	२६००००	१९०८६६००००	१९०८६६०
आवासिय	९३०४९	१३००००	१२०९६३७००००	१२०९६३७०
		जम्मा	१४१६४४१००००	१४१६४४१०
प्रस्तावित उपयोगको आधारमा सम्पति कर				
आवासिय जग्गा	**जम्मा जग्गा**	**मूल्याङन दर**	**जम्मा मूल्य**	**करको दर ०.०१ %**
बाणिज्य	६१३	२६००००	१५९३८००००	१५९३८०
उधोग	१२९३९	२६००००	३३६४१४००००	३३६४१४०
आवासिय	३३२६७८	१३००००	४३२४८१४००००	४३२४८१४०

स्रोत भूउपयोग नीति २०८०, बहुदरमाईनगरपालिका

उपरोक्त प्रक्रिया अवलम्बन गर्दा साधरणतया देहाय बमोजिमका व्यक्तिहरूलाई देहाय बमोजिम कर लाग्न सक्दछ। यो कर अनुमान गर्दा १० धुर जग्गामा घर हुने र घरजग्गा प्रयोजनका लागि रु १३०००० प्रति कट्टा मूल्याङ्कन हुने र करको दर १० पैसा प्रति सय लाग्ने अनुमान रहेको छ। जग्गा कम भएमा वा करको दर कम भएमा लाग्ने कर दायित्व समेत कम हुने देखिन्छ।

सम्पत्तिको मूल्याङ्कन गर्दा घरको क्षेत्रफलको आधारमा तोकिएको दरमा मूल्याङ्कन गर्ने सो मूल्यमा ह्रास कट्टी गर्ने ह्रास कट्टी गरिसकेको मूल्यमा जग्गाको मूल्य समेत थप गरी करको दर तय गर्नुपर्दछ। यही एक जना भन्दा बढी घर एक जनाको नाममा भएमा एक स्थानमा मूल्याङ्कन गरी कर लगाउने व्यवस्था हुनुपर्दछ।

३.४ भूमि कर सम्बन्धी व्यवस्था

भूमि करमा कर लिंदा साधारण क्षेत्रफल वा सो क्षेत्रफलबाट प्राप्त हुनसक्ने प्रतिफलको आधारमा कर लिने गरिन्छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५६ बमोजिम गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यसको उपयोगको आधारमा भूमि कर लगाउने सक्ने व्यवस्था गरेको छ। अब्बलमा सबैभन्दा बढी र क्रमशः अन्य क्षेत्रमा करको दर कम गरेको देखिन्छ।

नगरपालिकाले हाल भूमि कर सङ्कलन गरिरहेको छ। कृषियोग्य जग्गालाई चार तह अब्बल रु १० प्रति कट्टा, दोयमको रु ९ प्रति कट्टा, सिमको रु ७ प्रति कट्टा र चहारको रु ५ प्रति कट्टा तोकेको छ। सैद्धान्तिक रूपमा भूमि करमा उत्पादनको क्षमताको आधारमा जग्गाको वर्गीकरण लिने व्यवस्था उपयुक्त नै मानिएको छ। तर पालिकाको कर अपेक्षित भन्दा न्यून रहेको छ।

तालिका १५ कृषि भूमिको वर्गिकरण

	कृषि जग्गा	कठ्ठामा	दर रू मा	जम्मा रूमा
हालको व्यबस्था	२८१७२०८८	१६६४०३४	१०	१६६४०३३५
पस्तावित	२४०१४८७१	१४१८४८०	१०	१४१८४८०३

श्रोतः भू उपयोग नीति, २०८०, बहुदरमाईमाई नगरपालिका

भू उपयोग नीति अनुसार कृषि क्षेत्रका लागि प्रस्तावित व्यवस्था अनुसार २४५५५३ धुर जग्गा कायम गरिएको छ। साबिकमा भूमि कर रु १ करोड ६६ लाख ४० हजार ३३५ धुर जग्गा सङ्कलन गर्ने सम्भावना रहेकोमा जग्गाको वर्गीकरण पश्चात् रु १४१८४८० बाट १ करोड ४१ लख ८४ मात्र कर सङ्कलन गर्न सकिने अनुमान गरिएको छ। तर सम्पत्ति कर साबिकमा भन्दा तीन गुणा बढी सङ्कलन हुने अनुमान गरिएको छ।

३.५ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५८ ले नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजीगत लगानी वा आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउन पाउने व्यवस्था गरेको छ। बहुदरमाईमाई नगरपालिकाको आर्थिक ऐनको व्यवस्था अनुसार व्यवसाय कर लगाउँदा विभिन्न

पकृतिको आधारमा कर लगाउन सक्ने व्यवस्था गरेको छ। व्यवसाय करको दर तोकिँदा कारोबार र सम्भावित प्रतिफलको आधारमा तोकिनु बढी वैज्ञानिक हुन्छ।

नगरपालिकाको आर्थिक ऐन २०७९।८० को व्यवस्था अनुसार व्यवसायको किसिम र दर देहाय बमोजिम रहेको छ।

तालिका १६ नगरपालिकाको व्यवसाय करको दर

व्यवसायको किसिम	करको दर वार्षिक
- गिफ्ट खेलौना	रू १००
- चश्मा पसल र जुत्ता चप्पल वनाउने पसल	रू २००–२५०
- निजी हुलाक सेवा, इलेक्ट्रिक पसल, विज्ञापन सेवा	रू ३००
- रु १ लाखसम्मको किराना पसल, स्वदेशी रोजगार	रू ३६०
- प्रेसर कुकर मर्मत पसल, रु ५० हजारसम्मको इलेक्टीक पसल, फोटो स्टुडियो, निजी हुलाक कुरियर सेवा, स्वदेशी रोजगार, दोश्रो श्रेणीको मेशिनको टेलरिङ,	रू ४००
- भिडियो क्यासेट सिडी रेकडिङ तथा बिक्रेता, साईन बोर्ड वनाउने पेन्टर कलाकार निर्माण सामागी रु २ लाखसम्म, रु १ लाखसम्मको फलाम वा इलेक्टक पसल, कम्प्युटर टिभी मोबाईल क्यामरा पसल, ख.श्रेणी खुद्रा विक्रेता १ लाख सम्म, मनि ट्राँन्सफर, ग्ौस सव डिलर, कारपेट रु १ लाखभन्दा माथिइलेक्टीक पसल रु ५० हजार भन्दा माथि, फलफुल तथा विरुवा विक्री पसल, श्रेणी १ लाख भन्दा माथी, कारपेट रु १ लाखभन्दा कम, किराना पसल रु १ लाखभन्दा माथि, गल्ला भण्डार, क श्रेणीको फोटोकपी मेशिन, छपाई तथा प्रकाशन, क्लिनिक तथा ल्याव, घडी मर्मत पसल, केबल नेटवर्क सेवा	रू ५००
- लेखा परिक्षक, बीमा एजेण्ट, सर्भेयर	रू ६५०
- कानून व्यवसायी, तेल तथा मसाला उद्योग क.श्रेणी १ लाख भन्दा बढी, पmलफुल पसल,तरकारी पसल अन्य, खाना खाने भोजनालय	रू ७००
- कपडा पसल, रेडिमेट पसल रु १ लाखसम्म, निर्माण सामाग्री पसल रु २ लाख भन्दा माथि, हार्डवेयर फलामे एलेक्टिक पसल, रु १ लाख भन्दा माथिको निजी क्षेत्रको टेलिफोन सेवा, रेडियो टिभी मर्मत पसल, छापाखाना र १ लाख सम्म, विद्युत मर्मत पसल	रू ८००
- लज बास बस्ने	रू ९००
- चुरोट बिक्रेता, मासुविक्रेता पसल,क श्रेणीको मदिरा कोक फेण्टा एजेन्सी	रू १०००

व्यवसायको किसिम	करको दर वार्षिक
- २ लाखभन्दा माथिको सुनचांदी पसल,पेटोलियम पदार्थका डिजेल, पेटोल, मोबिल भएको	
- कपडा पसल १ लाख भन्दा माथि,रेडिमेट कपडा पसल रु १ लाख भन्दा माथि	
- चिकित्सक कविराज, दन्त, पशु चिकित्सक, इन्जीनियर पेशा	
- उत्पादनमुलक उद्योग, उर्जा मुलक उद्योग, फर्निचर उद्योग, होटेल तथा लज बास बस्ने	
- टाभल एजेन्सी, छापाखाना उद्योग १ लाखभन्दा माथि, निजी क्षेत्रको प्राथमिक स्कुल	
- तालिम तथा अनुसंन्धान केन्द्र, मोटर साईकल मर्मत पसल, वैदेशिक रोजगार, हजाम पसल, जुत्ता चप्पल फैन्सी पसल क.श्रेणी १ लाख भन्दा माथी, पुस्तक तथा स्टेशनरी पसल क.श्रेणी १ लाख भन्दा माथी	
- पmेैन्सी तथा कस्मेटिक पसल क.श्रेणी थौक विक्रेता १लाख भन्दा माथि	
- मिठाई पसल एवं सामान्य होटल क.श्रेणी ५० हजार भन्दा माथी	
- लेथ तथा वेल्डींग क.श्रेणी लेथ तथा वल्डींगको कार्य भएका कृषि मल खाध किट नाशक पसल, कुखुरा पालन पोल्टी फर्म, खसी वंगुर,भैसी,गाई, कुखुरा,माछा पालन क.श्रेणी १ लाख भन्दा माथी, धन कुटने,आटा तथा मसला पिस्ने मिल क.श्रेणी १ लाख भन्दा बढी	
- गिटी वालुवा,ढुगा स्टोकगरी विक्री गर्ने , सेल्ट्रींग मिस्त्री, पल्बर मिस्त्री,डकर्मी मिस्त्री	
- रेष्टुरेण्ट एण्ड बार, चलचित्र सिनेमा हल, कार जीप टेक्सी मर्मत, गैर सरकारी अस्पताल वित्तिय सेवा	रु १५००
- मोटर साईकल बिक्रेता, निर्माण व्यवसायी ठेकेदार, क्रसर उद्योग, आर्थिक कारोबार गर्ने बैंक, सहकारी बैंक,बिमा कम्पनी, च्युरा मुरी तथा सेलर मिल उद्योग क.श्रेणी २ लाख भन्दा बढी, स्टील तथा काष्ठ फर्निचर क.श्रेणी १ लाख भन्दा माथी, निजी क्षेत्रका माध्यमिक स्कुल, बस टक, टेक्टर मर्मत पसल	रु २०००
- स मिल काष्ठ चिरान	रु २५००
- टेक्टर बिक्रेता	रु ३०००

श्रोतः आर्थिक ऐन २०७९।८०, बहुदरमाईमाई नगरपालिका

केन्द्रीय तथ्याङ्क विभागको २०१८ सालको आर्थिक गणना अनुसार नगरपालिकामा कुल ६८६ व्यवसाय सञ्चालनमा रहेका छन्। यी मध्ये १७९ व्यवसाय सरकारी तहमा दर्ता रहेका छन् तर ५०७ व्यवसाय दर्ता भएका छैनन्। नगरपालिकामा ७८ उत्पादनशील उद्योगहरू सञ्चालनमा रहेका छन्।



	१	२	३	४	५	६	७	८	९
व्यबसाय जम्मा	४४	७०	७५	१९७	५३	४६	३८	५३	११०
व्यबसाय १ जना रोजगारी	९	२४	४१	९६	१३	१६	१०	२२	८०
व्यबसाय २ जना रोजगारी	२४	२८	६	५८	२०	२१	१५	१८	२४
व्यबसाय ३ जना ९ जना	७	१४	२६	३९	१९	९	१३	८	३
व्यबसाय १० जना	४	४	२	४	१			५	३

आकृति ४ आकारको आधारमा व्यवसाय

श्रोतः आर्थिक गणना २०१८ केन्द्रिय तथ्याङ्क विभाग ।

तर खानी, ग्यास, विद्युत् र पानी आपूर्तिसँग सम्बन्धित उद्योगहरू छैनन्। थोक तथा खुद्रा व्यवसाय ४४१ रहेका छन् भने यातायात, भण्डारण, सूचना प्रविधिसँग सम्बन्धित व्यवसाय २ वटा रहेका छन्।

होटेल तथा रेस्टुरेन्ट व्यवसाय ४२, वित्तीय संस्था बिमा सँग सम्बन्धित व्यवसाय ७ वटा सञ्चालित रहेका छन्। शिक्षासँग सम्बन्धित २८ व्यवसाय सञ्चालनमा रहेका छन्। नगरपालिकामा घरजग्गा, पेशेवर संस्थाहरू ६४ वटा सञ्चालनमा रहेका छन् मानवीय स्वास्थ्य र सामाजिक कार्यसँग १०

व्यवसाय सञ्चालन रहेका छन्। यी मध्ये लेखा राख्ने व्यवसायी २१७ रहेको प्रतिवेदनले जनाएको छ साथै लेखा नराख्ने व्यवसायी ४६८ रहेका छन्।

तालिका १७ नगरपालिकाको व्यवसाय करको संभाव्यता

व्यवसाय कर	२०१८ मा व्यवसाय	१० पतिशत	करको दर	जम्मा कर
१ जना रोजगारी	३११	३४२	१०००	३४२०००
२ जना रोजगारी	२१४	२३६	२०००	४७२०००
९ जना रोजगारी	१३८	१५२	३०००	४५६०००
१० जना भन्दा बढी	२३	२६	५०००	१३००००
			जम्मा	१४०००००

नगरपालिकामा केन्द्रीय तथ्याङ्क विभागको आर्थिक अनुसार नगरपालिकामा जम्मा ६८६ दर्ता भएको देखिन्छ। सोही आधारमा विगत ४ वर्षमा १० प्रतिशत व्यवसाय थप हुन गएको अनुमानमा व्यवसायको करको दर प्रस्ताव गरिएको छ। हाल व्यवसाय कर १ जना मात्र रोजगारी हुनेलाई रु १ हजार, २ जना रोजगारी दिनेलाई रु २०००, ३ जना भन्दा बढी तर ९ जना भन्दा कम रोजगारी हुनेलाई रु ३००० र १० वा सो भन्दा बढी रोजगारी दिने व्यवसायलाई रु ५००० व्यवसाय कर लगाउने प्रस्ताव गरिएको छ। सो न्यूनतम रकम लगाउँदा समेत वार्षिक ४० लाख कर सङ्कलन हुने देखिन्छ। व्यवसाय कर सम्बन्धमा अनुसूची (१) मा विस्तृत रूपमा दिइएको छ।

३.६ घर बहाल करको अवस्था

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५७ बमोजिम गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यसको उपयोगको आधारमा बहाल कर लगाउन सक्ने व्यवस्था गरेको छ। नगरपालिका भित्रका घर, भवन, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक रूपमा भाडामा लगाएमा १० प्रतिशत बहाल कर लगाउने व्यवस्था रहेको छ। नगरपालिकामा ६९५७ घर मध्ये मात्र ७ वटा घरहरू मात्र भाडामा लागेको देखिन्छ। तर नगरपालिका स्वयं नै १० भन्दा बढी घर भाडामा लिएको देखिन्छ। साथै झन्डै १० वटा बैङ्क तथा वित्तीय संस्था सञ्चालन रहेको देखिन्छ। सो अनुसार न्यूनतम पनि १५ घर भाडामा देखिन्छ।



	1	2	3	4	5	6	7	8	9
Type of ownership Owned	540	1037	608	1026	886	790	755	594	699
Type of ownership Rented	2	1	0	3	0	0	1	0	1
Type of ownership Institutional*	0	0	0	0	0	0	0	0	0
Type of ownership Other	1	1	1	2	2	0	7	0	0

आकृति ५ घरको स्वामिस्व अवस्था

३.७ अन्य कर सम्बन्धी व्यवस्था

३.७.१ विज्ञापन कर

नगरपालिकाले विज्ञापन गर्नु पूर्व नगरपालिकाको स्वीकृति लिएर मात्र विज्ञापन गर्न पाउने व्यवस्था गरेको छ। सरकारको नीति बमोजिम सार्वजनिक स्थलमा बन्देज गरेका (मादक पदार्थ, सुर्तीजन्य) जस्ता बस्तुहरूको विज्ञापन गर्न नपाइने व्यवस्था रहेको छ। यातायात सवारीका साधनहरूको विक्री प्रयोजनका लागि थप २५ प्रतिशत लिने व्यवस्था गरेको छ।

तर सेवामूलक प्रचार प्रसारका सामग्रीहरूमा ५० प्रतिशत छुट दिन सकिने र नेपाल सरकारका तर्फबाट हुने जनचेतना मूलक सूचना सामाग्रीमा विज्ञापन कर छुट दिने व्यवस्था गरेको छ। यदि कसैले स्वीकृत नै नलिई गरिएका विज्ञापन सामग्री शत प्रतिशत जरिवाना लिई स्वीकृति गर्न सकिने वा हटाउने सक्ने व्यवस्था रहेको छ। निजी स्वामित्व भएको स्थानमा विज्ञापन सामग्रीमा सम्बन्धित व्यक्तिको सहमति लिनुपर्ने र विज्ञापन करमा ५० प्रतिशतसम्म छुट हुने व्यवस्था गरेको छ। कसैले समयावधि थप गर्न चाहेमा नवीकरण गर्ने व्यक्तिलाई २५ प्रतिशत छुट दिने व्यवस्था गरेको छ साथै समयावधि समाप्त भएपछि स्वयं विज्ञापनकर्ताले नै विज्ञापन हटाउने व्यवस्था गरेको छ।

३.७.२ अन्य कर

१. बहाल विटौरी कर : नगरपालिकाले पसल बन्दोबस्त गरेबापत प्रति पसल बहाल बिटौरी कर बापत रु १ हजार लिन सक्ने व्यवस्था गरेको छ।
२. जडीबुटी कवाडी र जीवजन्तु करः आर्थिक ऐनमा लिन सकिने व्यवस्था गरेको छ तर करको दर तोकेको छैन।
३. नगरपालिकाले टाँगा, रिक्सा, अटो रिक्सा, मा सवारी कर लिन सकिने व्यवस्था गरेको छ तर कार्यान्वयन गरेको छैन।

३.८ गैर कर क्षेत्रमा गरिन सकिने सुधार

करको साथसाथै नगरपालिकाले दिने सेवाको आधारमा सेवा शुल्क लिन सकिने व्यवस्था गरेको छ। नगरपालिकाले तोकेको क्षेत्रमा लगानी गरी सेवा दिन सकिने क्षेत्र रहेको छ।

कानून बमोजिम ढुङ्गा, गिट्टी, बालुवा, माटो, नुन, फायरक्लेस जस्ता खानी खनिज पदार्थको सार्वेक्षण, अन्वेषण, उत्खलन र सो सम्बन्धी रोयल्टी संकलन,ट्रेकिङ्ग, कायारिङ्ग, क्यानोनिङ्ग, बन्जी जम्पिङ्ग, जिप फलायर, 'यापटिङ शुल्क, सामुदायिक वनको संचालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी संकलन, पानी घट्ट, कुलो, पैनी जस्ता सेवा संचालनबाट प्राप्त रोयल्टी संकलन, प्राकृतिक श्रोतको उपयोग सम्बन्धी नीति निर्धारण र कार्यान्वयन जस्ता क्षेत्रमा कर तथा गैर करको संभावना देखिदैन ।

निर्माण संचालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा स्थानीय पूर्वाधार र सेवामा सेवा शुल्क (खानेपानी, बिजुली, धारा,अतिथी गृह, धर्मशाला, पुस्तकालय, सभागृह, धर्मशाला, पुस्तकालय, ढलनिकास, सडक बत्ती, शौचालय, पार्क,पौडी पोखरी, व्यायामशाला, पर्यटकिय स्थल, हाटबजार, पशुबधशाला, शवदाह गृह, धोवीघाट,सडक, बसपार्क पुल समेत विकसित समेत नभएकोले यसको प्रभावकारीता देखिदैन । फोहोरा मैला व्यवस्थापनमा नगरपालिकाले विशेष व्यवस्थापन गर्न सक्दछ । मूख्य कर समेत कार्यान्वयन समेत कार्यान्वयन नभएको सन्दर्भमा सामान्य खालका सेवा शुल्क संकलन गर्न सक्ने छिटो हुने र क्रमश कार्यान्वयन गर्न सकिने अवस्था रहन्छ । साथै हाल कार्यान्वयन भएका अन्य सेवा शुल्कहरु भने सामान्य दरमा कार्यान्वयन हुन सक्दछन् । प्रत्येक वर्षको आर्थिक वर्षबाट सामान्य दरमा वृद्धि गर्न सकिन्छ ।

१. नगरपालिकामा नदीजन्य क्षेत्र रहेको देखिन्छ तर यस क्षेत्रमा कति आम्दानी हुन सकिने हो सोको कसरी प्रयोग गर्न सकिने हो सो को लागि आवश्यक अध्ययन हुनुपर्ने देखिन्छ।
२. यसका अतिरिक्त नगरपालिकाले औद्योगिक ग्राम सञ्चालन गर्ने,फोहोर मैला व्यवस्थामा समेत स्पष्ट व्यवस्था भएको देखिँदैन।
३. जन्म दर्ता सम्बन्धी विवरण।

साधारण सबैले जन्म दर्ता गरिसक्नु पर्नेमा नगरपालिकामा झन्डै ३७ प्रतिशत ५ वर्ष मुनिका बालबच्चाको जन्य दर्ता गर्न बाँकी रहेको राष्ट्रिय जनगणना २०७८ ले देखाएको छ। जन्म दर्ता नहुँदा सरकारबाट पाइने सुविधाबाट वञ्चित हुन सक्ने देखिन्छ।



	Total	0	1	2	3	4	5
		Completed age in years					
Total	5569	752	738	984	1043	971	1081
Registered	3500	273	337	573	733	732	852
Not Registered	2069	479	401	411	310	239	229

आकृति ६ जन्म दर्ताको अवस्था

नगरपालिकाको राजस्वको श्रोत समेत कम भएकोले यी स्रोतहरू परिचालन गर्नुपर्ने आवश्यकता रहेको छ। उपरोक्त आधारमा हेर्दा १ वर्ष कम उमेरका बालबालिका सबैभन्दा बढिले जन्म दर्ता गर्न बाँकी देखिन्छ।

परिच्छेदः चार

आय सकलनको सस्थागत क्षमता तथा सकलन अवस्था

४.१ नगरपालिकाको संगठानिक अवस्था

नगरपालिकामा स्थानीय तह सञ्चालन गर्न विभिन्न अध्ययनहरूले गरेको विश्लेषणको आधारमा मानव संसाधन सामान्यतः आवश्यक मात्रामा देखिन्छ। नगरपालिकाले गरेको पछिल्लो अध्ययन अनुसार सामान्य थपघट गर्ने प्रस्ताव गरिएको छ। पूर्वाधार निर्माण, स्थानीय अवस्थालाई विश्लेषण गर्दा विकासको सम्भावना समेत उच्च भएको नगरपालिका भएकोले हाल नगरपालिकामा भएको मानव जनशक्तिको दक्षता भविष्यको दिनमा समेत थप बढाउनु तथा राजस्व सम्बन्धी शाखा विशेषज्ञ व्यक्तिको विकास गर्न आवश्यक तालिम तथा मानव विकास सम्बन्धी कार्यक्रम गर्नु उपयुक्त देखिन्छ।

तालिका १८ बहुदरमाईमाई नगरपालिकाको संगठानिक स्वरुप

शाखाहरु	उपशाखा तथा इकाईहरु
प्रशासनिक शाखा	- प्रशासन शाखा - वडा कार्यालयहरु - नगर प्रहरी
पूर्वाधार विकास शाखा	- योजना उपशाखा - भवन तथा वस्ती विकास उपशाखा - वतावरण तथा विपद् व्यवस्थापन उपशाखा - यान्त्रिक परिचालन उपशाखा
स्वास्थ्य तथा सामाजिक विकास शाखा	- सामाजिक सुरक्षा तथा पंजीकरण उपशाखा - महिला बालबालिका तथा समाजकल्याण उपशाखा - स्वास्थय चौकीहरू
शिक्षा युवा तथा खेलकुद शाखा	
आर्थिक प्रशासन शाखा	- राजस्व उपशाखा - जिन्सी उपशाखा

शाखाहरु	उपशाखा तथा इकाईहरु
आन्तरिक परीक्षण शाखा	
आर्थिक विकास शाखा	
सूचना प्रविधि शाखा	
कानून इकाई	
कृषि विकास शाखा	
पशु सेवा शाखा	

४.२ नगरपालिकाको राजस्व नीति

नगरपालिकाले विनियोजन ऐन, नगरपालिकाको खर्चको बाँडफाँड र कर सम्बन्धी व्यवस्था समेटेर प्रत्येक वर्ष आर्थिक ऐन प्रकाशित गर्ने गरेको छ। उपरोक्त सार्वजनिक गरिएको कागजातको आधारमा देहाय बमोजिम आर्थिक तथा राजस्व सम्बन्धी मुख्य नीति तथा व्यवस्था रहेका छन्। नगरपालिकाले आर्थिक वर्ष २०७३।०७४ देखि सालवसाली नीति तथा कार्यक्रम ल्याउँदै आएको छ। नगरपालिकाले ल्याएको राजस्व नीतिका मुख्य व्यवस्था देहाय बमोजिम रहेको छ।

तालिका १९ राजस्व नीति

नगरपालिकाको राजस्व नीति
- प्रत्येक आर्थिक पूर्वाधारमा बजेट विनियोजन गरेको छ। यसबाट नगरपालिका क्षेत्रमा पूर्वाधारको विकास भई कृषिजन्य वस्तुहरूको सहज पहुँच हुने, कृषि उत्पादन प्रोत्साहन हुन सक्ने देखिन्छ। - कृषिजन्य वस्तुहरूको उत्पादनमा प्रोत्साहन हुँदा सर्वसाधारणको जीवन पद्धति सुधार हुने, शिक्षा, स्वास्थ्य तथा उत्पादनमा सुधार हुँदा गरिबी निवारणमा समेत सहजता हुने देखिन्छ। - कृषिजन्य उत्पादनमा वृद्धि हुँदा उद्योग तथा व्यापारमा प्रोत्साहन हुने देखिन्छ। - नगरपालिकाले भू उपयोग नीति ल्याई सकेको छ। यसबाट उद्योग तथा व्यापारिक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्न सकिन्छ। यसका अतिरिक्त तलका क्रियाकलापले व्यावसायिक गतिविधिलाई प्रोत्साहन गर्ने देखिन्छ। - साना तथा घरेलु उद्योगको दर्ता, सञ्चालन र नियमनको लागि आवश्यक कार्यविधि निर्माण गरी बेरोजगारी र विभिन्न सिकेर फर्केका युवाहरूलाई उत्पादनशील क्षेत्रमा आकर्षण बढाउन मेयर उद्यमशीलता कार्यान्वयन गरिने।

- पारिवारिक तथा व्यक्तिगत विवरण, घरजग्गाको विवरणलाई डिजिटलाईजेशन गरिने छ।
- महिला उद्यमीलाई आयमूलक आयआर्जन तालिम र प्रविधि प्रदान गरिने छ।
- नक्सा पास नगरी निर्माण भएका भौतिक संरचना स्वीकृत मापदण्ड विपरीत निर्माण भएका संरचनालाई विशेष व्यवस्था गरी कानुनको दायरामा ल्याइने।
- सरकार, सहकारी र निजी क्षेत्र समेतको साझेदारीमा रोजगार सृजना, श्रोतको पूर्ण परिचालनमा विशेष जोड दिइनेछ। जसको लागि सहकारी संस्थाहरूको दर्ता, सञ्चालन र नियमनको लागि सहकारी ऐनको निर्माण तथा आवश्यक प्रशिक्षणको व्यवस्था गरिने छ।
- शैक्षिक बेरोजगार, बेरोजगार, वैदेशिक रोजगारबाट फिर्ता आएका युवाहरूलाई उत्पादनशील क्षेत्र र रोजगारी सृजना हुने गरी कृषि, पशुपालन र स्वरोजगार सृजना हुने साना तथा मझौला उद्योग सञ्चालनमा आकर्षण बढाउने गरी "मेयर उद्यमशील कार्यक्रम" सञ्चालन गरिने छ।
- नक्सा पास नगरी निर्माण भएका भौतिक संरचना र स्वीकृत मापदण्ड विपरीत निर्माण भएका संरचनाहरूलाई विशेष व्यवस्था गरी कानुनको दायरामा ल्याई त्यस्ता कार्यलाई निरुत्साहित गरिने छ।

४.३ राजस्व परामर्श समितिको गठन

स्थानीय सरकार सञ्चालन ऐन को दफा ६५ मा प्रत्येक गाउँपालिका वा नगरपालिकाले राजस्व परामर्श समिति गठन गर्न सक्ने अधिकार दिएको छ। उक्त ऐनको व्यवस्था अनुसार राजस्व परामर्श समितिका देहाय बमोजिमका काम, कर्तव्य र अधिकार रहने व्यवस्था रहेका छ।

१. राजस्व सम्बन्धी नीति तथा कानुन तर्जुमा संशोधन, परिमार्जन, परिपालनाको सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने
२. राजस्वको श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षको राजस्वको अनुमान गर्ने।
३. राजस्वका दर र क्षेत्र लगायतका क्षेत्रमा आन्तरिक आयको विश्लेषण तथा अनुमान गर्ने।
४. स्थानीय उद्योग व्यवसाय लगायतका रोजगारी प्रवर्द्धन र सिर्जना लगायतका नीतिको परामर्श दिने।
५. कर राजस्व, गैर कर राजस्व, सेवा शुल्क दस्तुर आदिको सम्बन्धमा राय परामर्श दिने।
६. राजस्व प्रशासन सुधारका लागि आवश्यक परामर्श दिने।

बहुदरमाईमाई नगरपालिकामा स्थानीय सरकार सञ्चालन ऐन बमोजिम राजस्व परामर्श समिति गठन गरिएको छ। नगरपालिकाले देहाय बमोजिम पदाधिकारी रहने गरी राजस्व परामर्श समिति गठन गरेको छ।

तालिका २० राजस्व परामर्श समितिका पदाधिकारीहरु

नाम	पद	हालको पद
१. श्री सुष्मा कुमारी कुशवाहा	उप प्रमुख	संजोजक
२. श्री महमद शेरे मुस्तफा	प्रमुख प्रशासकिय अधिकृत	सदस्य
३. श्री कुन्ती देबी	का.पा. सदस्य	सदस्य
४. दिनेश प्रसाद यादव	वडा अध्यक्ष	सदस्य
५. विजय कुमार रौनियार	स्थानीय बजार प्रतिनिधी	सदस्य
६. मनेजर साह कानू	स्थानीय बजार प्रतिनिधी	सदस्य
७. हरि प्र कुर्मी	लेखापाल	सदस्य सचिव

४.४ राजश्व ईकाईका काम कर्तव्य र अधिकार

राजश्व ईकाईका देहाय बमोजम काम कर्तव्य र अधिकार रहेका छन ।

- राजस्व सम्बन्धी नीति, कानुन तर्जुमा, कार्यान्वयन र नियमन राजस्व चुहावट नियन्त्रण समेत
- सम्पत्ति कर, घर बहाल कर, घरजग्गा कर, घर जग्गा रजिष्टेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क विज्ञापन कर व्यवसाय कर, भूमिकर, दण्ड, जरिवाना, मनोरञ्जन कर, बहालबिटौरी कर, घरजग्गा कर, मृत वा मारिएको जीववन्तुको हाड, सिं प्यांख, छालामा कर, प्राकृतिक श्रोत साधन व्यवसायिक कर सम्बन्धी नीति, कानून मापदण्ड, कार्यान्वयन, बांडफांड, संकलन र नियमन, अन्य आय व्यवस्थापन
- सार्वजनिक खर्च तथा प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीत, कानून, मापदण्ड तथा नियमन र सोको संकलन तथाबांडफांड ।
- आपनो क्षेत्रभित्र राजस्वका दर अन्य शुल्क निर्धारण, संघिय र प्रदेश कानुन बमोजिम प्राकृति स्रोत साधन र सेवा शुल्क जस्ता रोयल्टी संकलन, समन्वय र नियमन

- स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क तथा दस्तुर (नीति, कानुन, मापदण्ड तथा नियमन, शुल्क निर्धाण, संकलन तथा व्इवस्थापन
- मालपोत संकलन
- कानून बमोजिम ढुङ्गा, गिट्टी, बालुवा, माटो, नुन, फायरक्लेस जस्ता खानी खनिज पदार्थको सार्वेक्षण, अन्वेषण, उत्खलन र सो सम्बन्धी रोयल्टी संकलन
- ट्रेकिङ्ग, कायारिङ्ग, क्यानोनिङ्ग, बन्जी जम्पिङ्ग, जिप फलायर, —यापटिङ शुल्क आदि
- सामुदायिक वनको संचालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी संकलन
- पानी घट्ट, कुलो, पैनी जस्ता सेवा संचालनबाट प्राप्त रोयल्टी संकलन
- प्राकृतिक श्रोतको उपयोग सम्बन्धी नीति निर्धारण र कार्यान्वयन तथा प्रदेश तथा संघिय मापदण्ड पालना
- प्रचलित कानून बमोजिम दण्ड जरिवाना
- राजस्व संभाव्यता अध्ययन तथा विश्लेषणात्मक कार्य
- बांकी बक्यौता रकमको लगत र असुल उपर
- करदाता शिक्षा तथा करदाता विवरण अध्यावधिक
- वित्तिय श्रोत साधनको समतामूलक बांडफांड
- आर्थिक साधनहरुको महत्तम उपयोग र परिचालन
- राजस्व परामर्श सम्बन्धी विषय
- स्थानीय राजस्व प्रवद्र्धनका लागि प्रोत्साहन
- राजस्व संभाव्यता अध्ययन ।

४.५ राजस्व शाखा तथा राजस्व प्रशासन

नगरपालिकामा राजस्वको शाखा समेत रहेको छ । राजस्वमा एक जना र अन्य सहयोगी कर्मचारी भएको कारण राजस्व ऐन, नियम र व्यवस्था कार्यान्वयन गर्न सहज देखिन्छ । राजस्व सम्बन्धी केहि जनचेनतामूलक कार्यक्रम आयोजना गरिएको भएपनि यी कार्यक्रमको प्रभावकारिता देखिएको छैन ।

हालको अवस्थामा कार्यस्थलको प्रयास्तता नै देखिन्छ । थप स्थानको आवश्यकता परेमा नगरपालिकाले नयां भवनहरु समेत भाडामा लिनसक्ने देखिन्छ । शाखाका लागि आवश्यक पर्ने फर्निचर,कम्यूटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरु र फर्निचर, कम्यूटर, ल्यावटप समेत देखिन्छ । राजस्व सम्बन्धी डाटावेस, राजस्व प्रशासनमा सप्टवयर र त्यसको प्रयोग राजस्व सम्बन्धी अभिलेखिकरण कमजोर देखिन्छ । राजस्वका मूख्य श्रोतहरु खासगरी व्यवसायको प्रकृति, आकार र संख्या, घरको बनोट तथा संख्याको तथ्याङ्क कमजोर रहेको छ । जसको कारण राजस्वको अनुमान समेत वास्तविक बनाउन कठिनाई रहेको छ ।

४.६ राजस्व परिचालनमा रहेका सबाल

बहुदरमाई नगरपालिकाका करका सम्बन्धमा खास गरी देहाय बमोजिमका विषयवस्तुहरूमा ध्यान दिनु पर्दछ।

४.६.१ सम्पत्ति करका मूख्य सबालहरू

नगरपालिकाले आफ्नो नगर क्षेत्र भित्र को विद्यमान अवस्थाको बारेमा विस्तृत रूपमा विवरण तयार गरेको छैन। तर केन्द्रीय तथ्याङ्क विभागको आँकडाको आधारमा अनुमान गरिएको छ। पालिकाले स्वयं वस्तुस्थिति विवरण तयार गर्दा बढी विश्वसनीय हुन जाने र आफ्नो आवश्यकता अनुसार हुने देखिन्छ।

१. यसले जग्गाको वर्गीकरण, घरको अवस्था, परिवारको अवस्था र सेवा दिनुपर्ने क्षेत्रहरू समेत पहिचान हुन सक्दछ।
२. घरधुरीको सङ्ख्या यकिन भए पनि घरको प्रकृति,घरको आयु, घरको प्रयोजन जस्ता विषयहरू तथ्याङ्क स्पष्ट छैन।
३. भू उपयोग नीतिको आधारमा जग्गाको वर्गीकरण विद्युतीयकरण गर्दा बढी सहज हुने जाने।
४. पालिकामा कृषि भूमि सबै भन्दा बढी देखिन्छ। कृषि क्षेत्रको उपयोग सम्बन्धमा उपयुक्त नीति देखिन्छ।

५. पालिकाले हालसम्म सम्पत्ति कर लिएको छैन। दर समेत तय गरेको छैन। सम्पत्ति कर पालिकाको मुख्य राजस्वको श्रोत भएकोले सम्पत्ति करको सम्बन्धमा दर रेट निर्धारण गर्ने, जग्गाको मूल्याङ्कन समेत गर्ने आधार बनाउनु पर्दछ।
६. सम्पत्ति कर घरको प्रकृति र आयु अनुसार फरक फरक दर र आयु तोक्नु पर्ने हुन्छ। यसका हाल प्रस्तावित गरिएको वर्गीकरण सामान्य फेरबदल गर्न सकिन्छ। लागि आवश्यक व्यवस्था हुनुपर्ने देखिन्छ।
७. भवन निर्माणको प्रयोजन फरक फरक भएमा फरक फरक मूल्याङ्कन गर्नु उपयुक्त हुन्छ। जस्तै विद्यालय सञ्चालन, कृषि फर्म सञ्चालन, भाडा प्रयोजन, व्यावसायिक प्रयोजनमा समेत फरक हुने भएकोले सो अनुसार गर्नु उपयुक्त हुन्छ।
८. एक जना व्यक्तिको एकै प्रकृतिको सम्पत्ति भएमा सबै जोडी कर लगाउनु उपयुक्त हुन्छ। सम्पत्ति मूल्य बढ्दै जाँदा करको दर बढ्दै जाने गरी प्रगतिशील करको दर हुनुपर्दछ। आवासीय प्रयोजनका लागि मात्र प्रयोग भएको घरको समेसम्म छुट हुने किसिमले कर छुटको व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ । (गाँस, वास र कपास जस्ता आधारभूत आवश्यकता)
९. आवासीय र व्यापारिक दुवै प्रयोजनका लागि प्रयोग गरिने भवन भएमा आवासीय प्रयोजनका लागि आवश्यकता भए जति कर छुट हुने व्यवस्था गर्ने र बाँकी घरमा क्षेत्रफलको आधारमा कर लगाउन उपयुक्त देखिन्छ।
१०. घरको निर्माणको प्रकृति अनुसार मूल्याङ्कन गर्ने र सोको आधारमा ह्रास कट्टी गर्दा भवन तथा निर्माण संरचनाको वास्तविक मूल्याङ्कन हुने र कर पनि सो आधारमा तय हुने भएकोले निर्माणमा ह्रास कट्टी हुने गर्नुपर्दछ।
११. निर्माण सामाग्रीको प्रकृतिको आधारमा मूल्याङ्कन गर्ने साथै निर्माण सामाग्रीको प्रकृति भवनको मूल्याङ्कन हुँदा उपयुक्त मानिन्छ।

४.६.२ भूमि करका मूख्य सबालहरू

भूमि करको सम्बन्धमा खास गरी देहाय बमोजिम हुन उपयुक्त देखिन्छ।

१. भूमि कर करको दर अब्बल, दोयम, चाहार, सिम वर्गीकरण गरिएको छ। कृषि भूमिको उत्पादन हुनसक्ने क्षमताका आधारमा करको दर तोक्नु उपयुक्त नै देखिन्छ। फरक दरको औचित्य पुष्टि हुने गरी करको दर तोक्नु पर्दछ। हालको व्यवस्था अनुसार १ कट्ठाको रु १ मात्र

फरक रहेको छ। उत्पादनको आधारमा कर लिने व्यवस्था गर्दा पहिलो, दोस्रो दरको औचित्य पुष्टि गरी करको दरमा फरक हुनु पर्दछ।

२. नगरपालिकाले भूमिको वर्गीकरण गरिसकेको छ। जग्गाको परिवर्तन अनुसार तत्कालै कृषि भूमिको नयाँ वर्गीकरण जानु पर्दछ।
३. कृषिजन्य भूमि भए पनि कृषि उब्जनी नगरी बाझै भए तापनि उत्पादन भए सरह कर लिनुपर्दछ।

४.६.३ घर बहाल तथा अन्य करका मूख्य सबालहरू

घर बहालको कर सम्बन्धमा खास गरी देहाय बमोजिमका विषयवस्तुहरू देखिएका छन्।

घर बहालका लागि आवासीय क्षेत्र, व्यापारिक क्षेत्र वर्गीकरण गर्नुपर्दछ। यसले घर बहालको न्यूनतम दर तोक्न समेत सहयोग गर्दछ। व्यापारिक क्षेत्र र आवासीय वा अन्य औद्योगिक क्षेत्रका फरक फरक बहाल तोक्न समेत सहज र न्यायिक हुन सक्दछ। बहाल करलाई प्रगतिशील करको रूपमा लैजान सकिन्छ। संस्थागत बहाल करको लागि सङ्घीय करको क्षेत्राधिकार पर्न सक्ने वा स्थानीय तहको क्षेत्राधिकार भित्र पर्दछ भन्ने विवादको विषय रहेको छ। जग्गाको भाडाको तय गर्दा जग्गाको प्रयोजन जस्तै प्राथमिक क्षेत्र र अन्य क्षेत्रका लागि फरक फरक मूल्याङ्कन गर्न सकिन्छ। सरकारी, सरकारी स्वामित्वमा भएका जग्गा वा भवनहरूको छुट्टै अभिलेख गर्नुपर्दछ साथै के आधारमा कर छुट दिएको सबैको सूचना दिनु उपयुक्त हुन्छ ।

४.७ कर सम्बन्धी पुनरावलोकनको व्यवस्था

घरजग्गाको मूल्याङ्कन गर्दा उक्त घरजग्गाको प्रयोजन वा मूल्य वा त्यस घरजग्गाले निर्णय पुनरावलोकनका लागि खास गरी देहाय बमोजिमका प्रक्रियाहरू अवलम्बन गर्न सकिन्छ।

१. निर्णयमा चित्त नबुझेमा सम्बन्धित पालिकाको राजस्व सङ्कलनका लागि निवेदन दिन सक्ने व्यवस्था गर्न सकिन्छ। राजस्व शाखाले पुन परीक्षण गरी निर्णयमा केही सुधार गर्नुपर्ने देखिएमा सुधार गर्न सक्दछ। यसका बढी ३० दिनको समय राख्न सकिन्छ।
२. राजस्व शाखाको निर्णयमा चित्त नबुझेमा कुनै विज्ञ समेत रहेको एक समिति गठन गर्न सक्दछ। उक्त समितिमा निवेदन दिन सकिने व्यवस्था गर्नुपर्दछ। उक्त समितिको निर्णयमा समेत चित्त नबुझेमा सम्बन्धित अदालतमा निवेदन दिन सकिने व्यवस्था गर्न सकिन्छ।

खासगरी पुनरावलोकनको लागि देहाय बमोजिमका क्षेत्रमा निवेदन दिन सकिन्छ।

१. अन्य कुनै व्यक्तिको राजस्व र आफ्नो करको दर वा मूल्याङ्कनको दरमा फरक परेमा
२. घर जग्गाको क्षेत्रफल फरक परेमा वा कम कर लाग्ने व्यवस्था भएकोमा बढी करको दर लाग्न गएमा।
३. घरजग्गाको वा सोमा निर्माण भएको घरको वास्तविक मूल्याङ्कन नभएमा
४. घरजग्गाको वर्गीकरण वास्तविक रूपमा नभएमा
५. पाउनुपर्ने छुट वास्तविक रूपमा नपाएको भएमा।

पालिकाको निर्णयमा चित्त नबुझेमा पुनरावलोकनको समेत निर्णय गर्न करदाताले निवेदन दिन सकिने व्यवस्था हुनुपर्दछ। स्थानीय कर किस्तामा तिर्न सकिने व्यवस्था गर्न सकिन्छ। तर निश्चित प्रतिशत ब्याज भने लिने व्यवस्था गर्नुपर्दछ।

परिच्छेदः पांच

राजस्व योजना

पूर्व अध्ययन, सन्दर्भ सामाग्री, नगरपालिकाका पदाधिकारी, विज्ञहरू साथसाथै सरोकारवालासँगको राय सुझावको आधारमा राजस्व सम्बन्धी योजना देहाय बमोजिम उपयुक्त देखिएको छ।

५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना

राजस्व सम्बन्धी विद्यमान व्यवस्थामा सुधार गर्न खास गरी देहाय बमोजिम क्रियाकलापहरू प्रस्ताव गरिएको छ।

तालिका २१ राजस्वको विद्यमान अवस्था

राजस्व सुधारका क्षेत्रहरु	कृयाकलापहरु	समायावधि	जिम्मेवारी
तथ्याङ्कलाई अद्यावधिक गर्ने	- सबै घरधुरीको लगत अद्यावधिक गर्ने । - घर भाडामा लागेका घरको सूचना संकलन गर्ने । - व्यवसायको किसिम, आकार, कारोवार पूजी सहितको तथ्याङ्क - जग्गाको प्रकृतिको आंकडा संकलन र विवरण । - नक्सापास भएका वा नभएका घर तथा भवनको विवरण संकलन - आफ्नै भवन र भाडामा संचालन भएका व्यवसायहरु आंकडा तय गर्ने । - पालिकाभित्र भएका सबै घरजग्गाको एकिकृत अभिलेख आउने गरी व्यवस्था	२०८० भाद्र मसान्त सम्म	प्रमुख कार्यकारी अधिकृत कार्यपालिका नगरपालिका अध्यक्ष

राजस्व सुधारका क्षेत्रहरु	कृयाकलापहरु	समायावधि	जिम्मेवारी
करदाता शिक्षा कार्यक्रम	– करको महत्व कर तिर्नुको फाईदा लगायतका विषयमा करदाता शिक्षा कार्यक्रम संचालन गर्ने ।	२०८० श्रावण मसान्त	
नीतिगत परिवर्तन	– घर जग्गा तथा भूमिको वर्गिकरण गर्ने । – भवन तथा घरको वर्गिकरण गर्ने । – भवन तथा घरको आयू एकिन गर्ने । – भवन तथा घरको ह्रासकट्टी दर तय गर्ने । – भवन तथा घरको मूल्याङ्कनको दर तय गर्ने । – घर तथा जग्गाको परिभाषाको अधिकतम क्षेत्रफलको परिभाषा गर्ने । – घरको बनावटको आधारमा करका दर, ह्रासकट्टी तय गर्ने सम्बन्धी विवरणहरुको पुनरावलोकन गर्ने । – घरले चर्चेको जग्गाको परिभाषा गरी भूमि कर सम्बन्धी र सम्पत्ति कर लाग्ने सम्पत्तिको वर्गिकरण गर्ने । – घर तथा जग्गाको न्यूनतम मूल्याङ्कन कायम गर्ने ।	२०८० असार मसान्त	नगरसभा राजस्व परामर्श समिति प्रमुख कार्यकारी अधिकृत राजस्व शाखा
व्यवसाय कर सम्बन्धी व्यवस्था	– सबै व्यवसायको अभिलेखन गर्ने । – दर्ता नभएका व्यवसायीहरु दर्ताका लागि प्रोत्साहित गर्न कर शिक्षा कार्यक्रम संचालन गर्ने । – दर्ताका लागि प्रोत्साहित गर्न वडास्तरिय कर शिविरको आयोजना गर्ने । – कर नतिर्ने व्यवसायीलाई पालिकाको सेवावाट बञ्चित गर्ने र उच्च जरिवानाको व्यवस्था गर्ने । – व्यवसायको प्रकृति र कारोवारको आकारको आधारमा करको दरको पुनरावलोकन गर्ने ।	२०८० आषाढ मसान्त	नगरसभा कार्यपालिका राजस्व शाखा
घर बहाल कर	– बहालमा लगाईएको घरको संख्या एकिन गर्ने र अभिलेखन गर्ने । – बहाल रकमको न्यूनतम दरलाई अद्यावधिक गर्ने ।	२०८० असार मसान्त न्त	प्रमुख कार्यकारी तथा राजस्व परामर्श समिति

राजस्व सुधारका क्षेत्रहरु	कृयाकलापहरु	समायावधि	जिम्मेवारी
सूचना अद्यावधिक गर्ने	– राजस्व शाखा अन्यशाखाको सेवाको सामञ्यस्ता कायम गर्ने । – सबै शाखाहरुको अन्तरआवद्धता कायम गर्ने – राजस्व सम्बन्धी कर संकलन गर्दा कम्युटर बीलको प्रयोग गर्ने – केन्द्रले निर्देशन जारी गरे अनुसार शिर्षकको आधारमा स्पष्ट तथ्याङ्क पाउने व्यवस्था गर्नु पर्ने	२०८० असोज	कार्यपालिका तथा प्रमुख कार्यकारीअधिकृत
ऐन नियमको निर्माण	– एकिकृत राजस्व ऐनलाई प्रभावकारी रुपमा लागु गर्ने – कानूनको राजपत्रमा प्रकाशित गरेपछिमात्र लागु हुने व्यवस्था गर्ने – उक्त कानूनमा लाग्ने ब्याज, जरिवाना र पुनरावलोकन सम्बन्धी व्यवस्था समेत समेटिनेव्यवस्था – खर्चको मध्यकालिन खर्च संरचना तयार गर्ने	२०८० फागुन मसान्त सम्म	नगरसभा कार्यपालिका
प्रभावकारी राजस्वशाखाको संचालन	– राजस्व शाखाको विस्तार र प्रभावकारी बनाउने थप जनशक्तिको व्यवस्था गर्ने । – शाखालाई आवश्यक विद्युतिय प्रणालीको विकास गर्ने । – राजस्व शाखामा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिको कार्यक्रम संचालन गर्ने । – राजस्व चुक्ता नभएसम्म पालिकाबाट हुने कुनै पनि सेवा उपलब्ध नहुने प्रणालीको विकास गर्ने ।	२०८० साल श्रावण मसान्तसम्म	कार्यपालिका अध्यक्ष, प्रमुख कार्यकारी

परिच्छेदः छ

आगामी तीन बर्षको राजस्व प्रक्षेपण

६.१ नगरपालिकाको आगामी तीन वर्षको राजस्व अनुमान

बहुदरमाईमाई नगरपालिका नयाँ भू उपयोगको नीतिको आधारमा नगरपालिकाको राजस्व वार्षिक रु ६ करोड भन्दा बढी देखिएको छ। १ करोड ४७ लाख वार्षिक कर सङ्कलन गर्न सकिन्छ। प्रस्तावित व्यवस्था अनुसार आवासीय जग्गाको अनुपात बढ्दा बढी कर सङ्कलन हुने देखिन्छ। हाल करको दर तय गर्दा प्रत्येक १०० मा १० पैसा कर लाग्ने अनुमान गरिएको छ साथै घरजग्गा बनौट अनुसार घरको आयु ह्रास कट्टी गर्न पाइन्छ।

तालिका २२ बहुदरमाईमाइ आगामी तीन वर्षको राजस्व अनुमान

विवरण	२०८०।८१	२०८१।८२	२०८२।८३
सम्पति कर	४६७७१६६०	४९११०२४३	५२५४७९६०
भूमि कर	१४१८४८०३	१४८९४०४३	१५९३६६२६
बहाल कर	९०५००	९५०२५	१०१६७६
व्यवसाय कर	१४०००००	१४७००००	१५७२९००
बहाल बिरौटी कर	५००००	५२५००	५६१७५
स्थानीय सबारी कर	३००००	३१५००	३३७०५
विज्ञापन कर	५००००	५२५००	५६१७५
कवाडी, जिवजन्तु कर	५०००	५२५००	५६१७५
अन्य प्रशासनिक दस्तुर	२०००००	२१००००	२२४७००
नाता प्रमाणित दस्तुर	१०००००	१०५०००	११२३५०
नक्सापास दस्तुर	१०००००	१०५०००	११२३५०
अन्य कर तथा दस्तुर	२०००००	२१००००	२२४७००
जम्मा रकम	६३२२६९६३	६६३८८३११	७१०३५४९२

६.२ निष्कर्ष र सुझावहरु

मुलुक सङ्घीय राज्यमा गएपछि संविधान तथा सङ्घीय ऐन बमोजिम अधिकांश सरकारी सेवाहरू स्थानीय तहलाई विकेन्द्रीकरण गरेको छ। सङ्घीय संविधानले केन्द्र, प्रदेश र स्थानीय तहलाई विशेष र संयुक्त रूपमा करका अधिकार दिएको छ। स्थानीय तहलाई स्थानीय प्रकृतिका सम्पत्ति र सेवासँग सम्बन्धित क तथा शुल्क लिन पाउने एकलौटी अधिकार दिएको छ। यसको अतिरिक्त सङ्घ र प्रदेशले लिने करको बाँडफाँट कर लिन पाउने वा करको नीति निर्माण, कर निर्धारण र असुल उपर गर्ने अधिकार दिएको छ। नगरपालिकाले अधिकार क्षेत्रभित्र करको आधार तथा करको दरको निर्धारण गरेको छ। केही करहरू प्रभावकारी रूपमा कार्यान्वयनमा रहेका छन्। भने केही करहरू कार्यान्वयनका चरणमा रहेका छन्। स्थानीय तहको दोस्रो निर्वाचन भएको एक वर्ष समेत बितिसकेको सन्दर्भमा करको दायरा, दर र प्रक्रिया निर्धारण लगायत विषयहरूमा समेत प्रभावकारिता ल्याउनु पर्ने आवश्यकता रहेको छ। स्थानीय तहले प्रदेशलाई तोकिएका कर समेत सङ्कलन गर्नुपर्ने भएकोले सक्षम स्थानीय तहको अपेक्षा संविधान तथा कानुनले गरेका छन्। उपरोक्त सन्दर्भमा नगरपालिकाले लगाएको करको प्रभावकारिता तथा सम्भावित जोखिम समेत पहिचान गर्नुपर्ने आवश्यकता देखिएकोले यो प्रतिवेदन तयार गरिएको छ।

नगरपालिकाले सङ्कलन गरेका अधिकांश करहरूमा स्थानीय सरकार सञ्चालन ऐन तथा संविधानले निर्दिष्ट गरेका सैद्धान्तिक तथा प्रक्रियागत पक्षहरू अङ्गालेको देखिन्छ। करका व्यवस्थामा हुनु पर्ने कानुनी संरचना तथा सैद्धान्तिक पक्षहरू समेटिएको छ। तर करको दर निर्धारण तथा कार्यान्वयनमा खास गरी देहाय बमोजिमका विषयवस्तुहरू देखिएका छन्।

अधिकांश तथ्याङ्कहरू दोस्रो श्रोतबाट सङ्कलन गरिएका छन्। यथार्थ तथ्याङ्कको कमिकोकारण राजस्वको सम्भावनालाई अनुमान गर्न कठिन भएको छ।

१. सूचना प्रविधिलाई प्रभावकारी रूपमा प्रयोग ल्याउँदा अभिलेखीकरणमा देखिएका समस्या समेत समाधान हुन्छन्।
२. विशेषज्ञता भएको राजस्वको शाखा भएमा राजस्व सङ्कलन प्रभावकारी हुन सक्दछ।

३. कर सङ्कलन र करको प्रयोगको सम्बन्धमा करदाता सुसूचित नहुँदा स्वैच्छिक रूपले कर तिर्ने वातावरण बनिसकेको अवस्था देखिँदैन।

४. करका दर, प्रक्रिया तथा कार्यान्वयन न्यायिक बनाउँदा कर सहभागिता बढ्न जाने देखिन्छ।

५. स्थानीय तहहरूले लिने करलाई सेवासँग सामञ्जस्ययता कायम गरेमा कार्यान्वयन बढी प्रभावकारी हुन सक्ने देखिन्छ।

६. नगरपालिका भारतीय सीमासँग जोडिएको र औद्योगिक क्षेत्र र मुलुककै सबैभन्दा बढी विदेशी व्यापार हुने क्षेत्र समेत भएकोले औद्योगिक तथा व्यापारिक रूपमा बढी रणनीतिक क्षेत्रको रूपमा विकास गर्न सकिन्छ। यसका लागि नगरपालिकाले सङ्घ, प्रदेश र अन्य सरोकारवालासँग आवश्यक समन्वय गर्ने , दीर्घकालीन नीति तय गर्ने गर्दा आर्थिक गतिविधि पनि बढ्न र थप राजस्वको श्रोत समेत पहिचान गर्न सकिन्छ । यसका लागि खास गरी देहाय बमोजिम गर्नु उपयुक्त देखिन्छ ।

७. सम्पत्ति कर सबैभन्दा भरपर्दो श्रोत भएकोले कुल आन्तरिक करको ४० प्रतिशत राजस्वको श्रोतको रूपमा परिचालन गर्ने।

८. नगरपालिकामा वास्तविक तथ्याङ्क हुन सकेमा पालिकाले दिने सेवा र राजस्वको समेत यर्थात् अनुमान गर्न सकिने र सोको आधारमा सम्पत्ति कर, घर बहाल कर, व्यावसायिक कारोबार, नक्सा पास दस्तुर समेत तय हुने भएकोले करका स्रोतहरूको यथार्थ जानकारी पाउने आधार बनाउने।

९. व्यावसायिक कर उच्च हुँदा पुँजी चलायमान हुन सक्ने भएकोले अन्य स्थानीय तहमा लिएको करको आधारमा करको दर तय गर्ने।

१०. व्यवसाय कर कारोबारमा आधारमा लगाउने वा मुनाफाको कर लगाउने व्यवस्था गर्ने। व्यावसायिक कर तय गर्दा बढी आम्दानी भएका व्यक्तिलाई बढी कर भार पर्ने प्रगतिशील करको आधारमा करको दर तय गर्ने।

११. करको उद्देश्य सामाजिक न्याय स्थापना गर्ने भएकोले सामाजिक न्यायका दृष्टिकोणले नकारात्मक वस्तुहरू जस्तै चुरोट, मदिरा, वातावरणीय दृष्टिकोणले अनुपयुक्त वस्तुहरूमा उच्च करको भार लगाउने। जस्तै मदिराको कारोबारमा उच्च कर लगाउने, मदिरा प्रयोग गर्ने होटेलमा बढी करको भार लगाउने, आधारभूत वस्तुहरूको कारोबार गर्ने व्यवसायीहरूले प्रक्रियागत, करका दर न्याय भएको महसुस गर्ने गरी तय गर्ने।

१२. सङ्कलन गरेको कर करदाताकै फाइदाका लागि हो स्पष्ट सन्देश दिन कर सङ्कलनका फाइदा समेत समेटी कर शिक्षा अभियानकै रूपमा सञ्चालन गर्ने।

१३. कर रकम भन्दा करदाताले कर तिर्न लाग्ने लागत उच्च हुने अवस्थामा वा नगरपालिकाकै अति उच्च लागत लाग्न सक्ने भए सोही बमोजिमका करहरू नलगाउने।

१४. दण्ड र जरिवाना सालवसाली रूपमा ल्याउने आर्थिक ऐनले तय गर्नुभन्दा विशेष राजस्व ऐन ल्याउने सोको आधारमा राजस्वको प्रशासन गर्ने व्यवस्था गर्ने।

१५. व्यावसायिक कर कारोबारको आधारमा लगाउँदा उपयुक्त हुने भएकोले कारोबारको अनुमान गर्न सकिने आधार तयार गरी करको दर तय गर्ने व्यवस्था गर्ने।

परिच्छेदः सात

अपेक्षित नतिजा

प्रस्तुत राजस्व योजना विभिन्न अन्तराष्ट्रिय अभ्यास, सैद्धान्तिक पक्ष, अन्य क्षेत्रमा भएको अभ्यासको तथा नगरपालिकाको भौगोलिक, सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थालाई समेत पुनरावलोकन गरी तयार गरिएको छ । योजना तर्जुमा गर्दा नगरपालिकाका पदाधिकारी, सराकारवाला, करदाता, सुवेश्छुक तथा विज्ञहरुको समेत राय लिएर तयार गरिएको छ । योजना माटो सुंहाउंदो हुने र अन्य पालिकाको भन्दा नमुनाको रुपमा कार्यान्वयन होस भन्ने पक्षलाई निकै ध्यान दिईएको छ । यस योजना पश्चात खासगरी देहाय बमोजिमका परिणाम र प्रभाव हुने अपेक्षा रहेको छ ।

१. राजस्व योजनाले नगरपालिकाको वस्तुस्थिती विश्लेषण गरी तयार गरेको कारण सबैलाई सर्व स्विकार्य हुने र नगरपालिका भित्रका सबै करदाताहरु स्वतस्फूर्त कर तिर्ने वातावरण तयार हुनेछ ।

२. प्रस्तावित योजना कार्यान्वयन पश्चात नगरपालिकाको आन्तरिक राजस्वका बढ्न गई नगरपालिकाका लागि सामान्य प्रशासनिक खर्चहरु गरी विकास खर्चका लागि समेत श्रोतको जोहो हुन सक्ने देखिन्छ ।

३. करका नीति प्रगतीशिल हुने र कर तिर्न सक्ने आधारमा करका नीति तय हुने र कार्यान्वयन हुने देखिन्छ ।

४. कर नीति अनुमानयोग्य हुने भएकोले उद्योग व्यवसायलाई प्रोत्साहन हुने अपेक्षा गर्न सकिन्छ

५. कर कार्यान्वयन पश्चात आर्थिक विभेदहरु कम भएर जाने छ ।

६. कर योजना कार्यान्वयन पश्चात नगरपालिका आर्थिक रुपमा थप बलियो हुन जाने, बजेटको आकार बढाउन सक्ने र स्थानीयका आवश्यकता अनुसार खर्च गर्न सक्ने क्षमता बढ्दै जाने छ ।

७. राजस्व योजनाले करदाता तथा नगरपालिकाको सम्बन्ध थप बढ्न जाने र विश्वसनियता बढाउने देखिन्छ ।

८. नगरपालिकाले अवलम्बन गरेका राजस्व सम्बन्धी विद्यमान नीति, कानून, संस्थागत संरचना, सूचना प्रविधि र तथ्याङ्क एवम् प्रतिवेदन प्रणाली लगायत समग्र राजस्व प्रशासनको विश्लेषणको आधारमा नगरपालिकाको आन्तरिक राजस्व परिचालनमा सुधारका क्षेत्रहरू पहिचान भएको हुनेछ

९. स्थानीय आर्थिक विकासका लागि सम्भाव्य नगरपालिकाले हालसम्म सङ्कलन नगरेका राजस्वका नयाँ स्रोतहरू पहिचान भएको हुनेछ
१०. आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण तथा राजस्व सुधारका कृयाकलाप र सोको कार्यान्वयन जिम्मेवारी निर्धारण एवम् राजस्व सुधारका रणनीतिहरूसहितको नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा भएको हुनेछ
११. नगरपालिकाका पदाधिकारी तथा राजस्व परामर्श समितिका सदस्यहरूले नगरपालिकाको राजस्व अधिकार तथा राजस्व सुधार कार्ययोजना, क्षेत्रको पहिचान सम्बन्धमा अभिमुखीकरण हुनेछन् ्।
१२. राजस्व सुधार कार्ययोजनाको अध्यावधिक गर्न नगरपालिकाको प्राविधिक सक्षमतामा वृद्धि भएको हुनेछ ।
१३. आगामी आर्थिक वर्षहरूमा राजस्व परामर्श समितिबाट गरिने राजस्व अनुमान बढी यथार्थपरक भएको हुनेछ
१४. कार्यवातावरणमा सुधार तथा क्षमता अभिवृद्धि तालिम मार्फत् नगरपालिकाको राजस्व प्रशासनको क्षमता अभिवृद्धि भएको हुनेछ ।

परिच्छेदः आठ

कार्ययोजनाको अनुगमन तथा मूल्यांकन

योजना भविष्यका लागि तयार गरिने भएकोले राजस्व योजना समेत भविष्यका लागि नै बनाएको हुन्छ । योजनालाई कार्यान्वयन योग्य बनाउन मापदण्ड वा लक्ष्यको निर्धारण गरिन्छ । उपरोक्त लक्ष्य अनुसार कार्यसंपादन भए नभएको भएमा लक्ष्यको कति प्रतिशत कार्य सम्पन्न भएको सोलाई मापन गर्न समयवद्ध र क्षेत्रगत रुपमा समेत लक्ष्यहरुको निर्धारण गर्न सकिन्छ । कार्यान्वयन गर्ने व्यक्तिहरुले लक्ष्यको आधारमा कृयाकलापहरु निर्धारण गरी समय समयमा स्वयं कार्यसंपादनस्तर थाहा पाउने र सहज हुने कार्यसंपादनस्तर तय गरिन्छ । कार्यसंपादन सम्पन्न गर्ने व्यक्तिहरुलाई पुरस्कार र दण्डको समेत व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

आर्थिक वर्षको बजेट सार्वजनिक भएपछि राजस्वको अनुमानलाई आय संभावयताका आधारमा वडा लाई करको संभावताका हेरी र करका शिर्षक समेत छुट्टाई लक्ष्य निर्धारण गरी समयमा नै दिनुपर्दछ र सोहि बमोजिमको कार्ययोजना बनाउनु पर्दछ । उक्त योजना अनुसार कार्यान्वयनको चरण आईपर्ने समस्याको निकारणका लागि राजस्व इकाईले सबै वडामा समन्वय गनुपर्दछ । राजस्वको लक्ष्य खासगरी राजस्व परामर्श समितिको प्रस्तावको आधारमा हुने भएकोले राजस्व परामर्श समितिले नै समन्वय गरी प्रत्येक महिनमा लक्ष्य निर्धारण गर्ने र सोको आधारमा प्रत्येक महिना समन्वय बैठक गर्नु उपयुक्त देखिन्छ । नगरपालिकाको कार्यपालिकाको बैठकमा प्रत्येक त्रैमासिक रुपमा पुनरावलोकन गर्ने व्यवस्था हुनुपर्दछ ।

पालिकाको राजस्वको लक्ष्य तथा कार्यान्वयनको सम्बन्धमा प्रदेश सरकार, संघ, संघिय मन्त्रालयको समेत चासो हुने भएकोले यी संस्थाहरुबाट समेत अनुगमन हुन सक्ने देखिन्छ । कार्यसंपादनको मापन र प्रभावकारी कार्यसंपादनका लागि खासगरी देहाय बमोजिमको प्रकृया अपनाउन सकिन्छ ।

१. राजस्व योजनाको उद्देश्य निर्धारण ः मापनयोग्य परिणाम

२. राजस्व सम्बन्धी सूचकहरुको निर्धारण ः राजस्व संकलन, अनधिकृत व्यवसाय र कारोवारको निरुत्साहन, आर्थिक तथा सामाजिक न्याय प्रवद्र्धन, आर्थिक स्थायित्व

३. लक्ष्यको निर्धारण नगरपालिकाको लक्ष्य तथा बडा कार्यालयको लक्ष्य निर्धारण करको दायरा बृद्धि, करको संकलन, बक्यौता असुली व्यक्तिगत वा संस्थागत तहमा

४. परिणामको अनुगमन वास्तविक राजस्व संकलनका सूचनाहरुको निरन्तर संकलन तथा विश्लेषण

५. कार्यसंपादनको मापन तथा पुनरावलोकन ः लक्ष्यको तुलनामा वास्तविक राजस्व संकलनको अवस्थाको मापन, लक्ष्य वा वास्तविक परिणाममा फरक पर्नुका कारणको विश्लेषण

६. राजस्व योजना र वास्तविक कार्यसंपादनको एकिकरण ः विभिन्न वडा वा करका किमिमका भएको वास्तविक परिणामको एकिकरण र विश्लेषण

७ वास्तविक सूचनाको प्रयोग राजस्व संकलनमा भएको फरक वा लक्ष्य निर्धारणमा भएको कमजोरी वा पर्नसक्ने संभावित असर, वा कार्यान्वयनमा गरिनुपर्ने सुधारको विश्लेषण गरी प्रयोग ।

योजनाको मूल्याकन तथा अनुगमनलाई सहज बनाउन र वर्षको अन्तिममा मात्र मापन गर्ने स्थानीय सरकार संचालन ऐनको ब्यवस्था अनुसार राजस्व परामर्श समितिलाई राजस्वका स्रोत, दायरा तथा दरको विश्लेषण गरी आय अनुमान गर्ने र स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिसंग समेत समन्वय गर्नुपर्ने देखिन्छ ।

राजस्व सुधारका नीति, कृयाकलापहरु तथा वजेट अनुमान पश्चात राजस्व सुधार कार्ययोजना अनुसारका कृयाकलापहरु संचालन भए नभएको तथा अनुमान अनुसार आय असुली भएको नभएको सम्वन्धमा नियमित रुपमा अनुगमन गर्ने, आगामी आर्थिक बर्षको आय प्रक्षेपणकोलागि त्यस अवधि सम्मको कृयाकलाप तथा आय असुली अवस्थाको मूल्यांकन गर्ने तथा आर्थिक बर्ष सम्पन्न भएपछि सो आर्थिक बर्षकोलागि तय गरिएका कृयाकलापहरु तथा आय असुली अवस्थाको मूल्यांकन गर्न आवश्यक हुन्छ । यो राजस्व सुधार कार्य योजनाको अनुगमन तथा मूल्यांकनको लागि खासगरी आन्तरिक वा बाह्य रुपमा अनुगमन गर्न सकिन्छ ।

आन्तरिक अनुगमन

१. राजस्व इकाईबाट हुने अनुगमन वडा तह वा व्यक्तिगत तहमा गरिने अनुगमन ।

२. राजस्व परामर्श समितिको कार्यसंपादनको अनुगमन ।

३. नगरपालिका तहबाट गरिने अनुगमन ।

बाह्य संस्थाहरुबाट गरिने अनुगमन

१. वाह्य अनुगमन तथा मूल्यांकन खासगरी नगरपालिका भन्दा बाहिरबाट कुनै विज्ञहरुबाट समेत मूल्याङ्कन गरी स्वतन्त्र रुपमा राय सुझाव दिन र कार्यान्वयनमा प्रभावकारिता ल्याउन सकिन्छ

२. राजस्व सुधार कार्ययोजना नगरपालिका रहेको प्रदेशका संस्थाहरु समेत समय समयमा स्थलगत वा अन्य माध्यमबाट अनुगमन गर्न सक्दछन् ।

३. संघिय निकायहरु संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थमन्त्रालय, महालेखानियन्त्रणको कार्यालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग समेतले अनुगमन तथा मूल्याङ्कन गर्न सक्दछन ।

४. गैर सरकारी संस्थाहरु वा सरोकारवालाहरुबाट समेत समय समयमा अनुगमन तथा मूल्याङ्कन गर्न सक्दछन् ।

सन्दर्भ सामाग्री

- आर्थिक ऐन २०७९।८०, बहुदरमाईमाई, नगरपालिका, पर्सा, मधेश प्रदेश ।
- आर्थिक ऐन २०७८।७९, बहुदरमाईमाई, नगरपालिका, पर्सा, मधेश प्रदेश ।
- आर्थिक ऐन २०७८।७९, काठमांडौ महानगरपालिका काठमांडौ ।
- आर्थिक ऐन २०७७।७८, बहुदरमाईमाई, नगरपालिका, पर्सा, मधेश प्रदेश।
- आर्थिक ऐन २०७६।७७, बहुदरमाईमाई, नगरपालिका, पर्सा, मधेश प्रदेश
- विनियोजन ऐन २०७८।७९, बहुदरमाईमाई, नगरपालिका, पर्सा, मधेश प्रदेश
- विनियोजन ऐन २०७७।७८, बहुदरमाईमाई, नगरपालिका, पर्सा, मधेश प्रदेश
- विनियोजन ऐन २०७६।७७ बहुदरमाईमाई, नगरपालिका, पर्सा, मधेश प्रदेश
- नेपालको संविधान २०७२, नेपाल कानून आयोग, काठमांडौ ।
- स्थानीय सरकार संचालन ऐन २०७४, नेपाल कानून आयोग, काठमांडौ ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, नेपाल कानून आयोग, काठमांडौ ।
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, नेपाल कानून आयोग, काठमांडौ ।
- व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७६, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमांडौ
- राजस्व सुधार कार्ययोजना दिग्दर्शन, २०७६, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमांडौ ।
- स्थानी तहको कर तथा गैरकर सम्बन्धी कानूनको नमुना २०७४, अर्थमन्त्रालय
- घरजग्गा बहालकर कार्यविधि २०७६, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमांडौ ।
- एकिकृत सम्पत्ति नमुना कार्यविधि, २०७६, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमांडौ
- नीति तथा कार्यक्रम, २०७९।८०, बहुदरमाईमाई, नगरपालिका, पर्सा, मधेश प्रदेश ।
- नीति तथा कार्यक्रम, २०७८।७९ बहुदरमाईमाई, नगरपालिका, पर्सा, मधेश प्रदेश ।
- नीति तथा कार्यक्रम, २०७७।७८, बहुदरमाईमाई, नगरपालिका, पर्सा, मधेश प्रदेश ।

अनुसूची १ व्यवसाय करको आधारहरू

क. स.	व्यवसायको किसिम	वार्षिक कर		
	व्यापारिक वस्तु	क वर्ग	ख वर्ग	ग वर्ग
		.... करोड भन्दा बढि कारोवार व्यवसाय वा डिलर	.... लाख भन्दा बढि...... करोड सम्म कारोवार भएका व्यवसाय	.... लाख भन्दा कम कारोवारका व्यवसाय
१.१	डिपार्टमेन्ट स्टोर			
१.२	ज्वलरी, इलेक्ट्रोनिक्स आदि			
१.३	निर्माण सामग्री, फर्निसिङ्ग, विद्युतिय सामग्री, पेन्ट आदि इटा वालुवा डिपो, पेट्रोलियम पदार्थ			
१.४	सवारी साधन, मेसिनरी तथा मेसिनरी पार्टस्, लुब्रीकेन्टस आदि			
१.५	सवै किसिमका औषधि पसल			
१.६	दैनिक उपभोग्य खाद्य पदार्थ, कपडा, कस्टमेटिक, भाँडा, जुत्ता पसल आदि			
१.७	क्युरियो, स्टेशसनरी तथा पुस्तक पसल			
१.८	फलफुल, सागसब्जी, मासु			
१.९	अन्य ब्यापारिक वस्तु			
२. विषेशज्ञ सेवा संस्थागत तथा ब्यक्तिगत				
२.१	चिकित्सक र इन्जिनियर			
२.२	सेयर दलाल, कानून ब्यवसाय, लेखापढी, विज्ञापन, लेखापरिक्षक, मेनपावर सप्लायर्स, पेन्टर, सर्भेयर, क्राफ्टिङ्ग, कार्भिङ्ग आदि			
२.३	अनुसंधान, सर्भेयर, अनुवादक आदि			
२.४	विषेशज्ञ सेवा संस्थागत ब्यक्तिगत			
३ सेवा ब्यवसाय ठूला मझौला साना				
३.१	निर्माण ब्यवसाय			
३.२	ढुवानी सेवा			
३.३	यातायात सेवा			

क. स.	व्यवसायको किसिम	वार्षिक कर		
	व्यापारिक वस्तु	क वर्ग	ख वर्ग	ग वर्ग
		………… करोड भन्दा बढि कारोवार व्यवसाय वा डिलर	………… लाख भन्दा बढि…… करोड सम्म कारोवार भएका व्यवसाय	………… लाख भन्दा कम कारोवारका व्यवसाय
३.४	ब्युटि पार्लर, मसाज, शैलुन, पेन्टिङ्ग आदि			
३.५	पार्टि प्यालेस, टेन्ट हाउस, क्याटरिङ्ग आदि			
३.६	केवल, इन्टरनेट, एफएम, रेडियो, कम्युनिकेशन, फोटो आदि			
३.७	रेस्टुरा, खाजा घर, मिठाई पसल, दुध दही पसल आदि			
३.८	मर्मत तथा सिलाई कटाई सेवा			
३.९	रियल स्टेट			
३.१०	पुल हाउस, जिम, साउना आदि			
३.११	अन्य सेवा			
४. उद्योग				
४.१	स्थानीय कच्चा पदार्थ उपयोग गरि संचालित इटा उद्योग पानी उद्योग			
४.२	वालुवा, ढुङ्गा जस्ता खानी जन्य पदार्थ प्रसोधन गर्ने उद्योग			
४.३	पर्यटन मुलक उद्योग (होटल, लज, रिसोर्ट, रेष्टुरेण्ट, ट्राभल एजेन्सी, स्कीङ्ग, ग्लाईडिङ्ग आदि)			
४.४	उत्पादन मूलक उद्योग (छापाखाना, चलचित्र, प्लाई उड, ह्युमपाईप, प्यानल, ग्रील, ब्लक, काजग, काठ, प्लास्टीक, औषधी आदि)			
४.५	कृषिमा आधारित उद्योग (चामल मिल, विस्कुट, वेकरी, पोल्ट्री, डेरी, शित भण्डार, दाना आदि)			
४.६	अन्य उद्योग			
५ वित्तिय सेवा				

क. स.	व्यवसायको किसिम	वार्षिक कर		
	व्यापारिक वस्तु	क वर्ग	ख वर्ग	ग वर्ग
		………… करोड भन्दा बढि कारोवार व्यवसाय वा डिलर	………… लाख भन्दा बढि…… करोड सम्म कारोवार भएका व्यवसाय	………… लाख भन्दा कम कारोवारका व्यवसाय
५.१	बैंक, विकास बैंक, फाईनान्स र लघुवित्त संस्थाको मुख्य कार्यालय			
५.२	बैंक, विकास बैंक, फाईनान्स र लधुवित्त संस्थाको शाखा कार्यालय			
५.३	विमा कम्पनी, सहकारी र मुद्रा सटही			
६. स्वास्थ्य सेवा				
६.१	निजी क्षेत्रवाट संचालित नर्सिङ्ग होम तथा अस्पताल			
६.२	क्लिनिक तथा ल्याव, फिजियोथेरापी			
६.३	अन्य स्वास्थ्य सेवा			
७ शिक्षा सेवा उच्च शिक्षा माध्यमिक तह आधारभूत तह				
७.१	संस्थागत विद्यालय			
७.२	भाषा प्रशिक्षण			
७.३	तालिम केन्द्र तथा अन्य शैक्षिक सेवा			
८	माथि नपरेका अन्य			

Figure ७ अन्तरक्रिया कार्यक्रमका केही तस्वीरहरू

Figure ८ अन्तरक्रिया कार्यक्रमका सहभागीहरू


राजस्व योजनाका उद्देश्यहरु
• नगरपालिकाको विद्यमान कर प्रणाली कर नीति, प्रकृया तथ
• कर सम्बन्धी व्यवस्थालाई वस्तुगत बनाउन तथा आन्तरिक
• नगरपालिकाको आन्तरिक श्रोतको विकास गर्न तथा राजस्व
आवश्यक विश्लेषण गर्ने
• करमा स्वच्छिक सहभागिता वृद्धि गर्न तथा खर्चको श्रोतको
क्षेत्रमा आवश्यक विश्लेषण र राय सुझाव दिने।


करका नीतिगत पक्षहरु
करका सिद्धान्तहरु
विचार गरिनुपर्ने विषयहरु
लगाउदा कर तिर्ने क्षमताको आधारमा लगाउनु पर्दछ।
१. करको आधार के हुने कर केमा लगाउने भन्ने स्पष्ट रुपमा एकिन गर्ने।
२. एक भन्दा बढि श्रोत भएमा कर लाग्ने आधार सबै एकै स्थानमा ल्याउने।
३. करको दर (कति दरमा कर लगाउने)
४. कर कहिले तिर्ने (कर तिर्ने समय)

आज मिति २०७८/०७/१३ बुधबारका दिन परसा बहुदरमाई नगरपालिका, पर्साको राजस्व सुधार कार्ययोजना तयारी सन्दर्भमा बैठक बस्यो, जसमा निम्न अनुसारको उपस्थिति रह्यो।

उपस्थिति :

क्र.सं.	नाम	संस्था	पद	सही
१.	श्री सिंगासन सा. तेली	ब. न. पा. पर्सा	नगर प्रमुख	
२.	" सुष्मा कुमारी कुशवाहा	"	उप प्रमुख	Sushma
३.	" पुनित लाल लाल	"		
४.	" प्रमोद जोइस	"	[illegible]	
५.	" निलेश कुमार साह	"	प्राविधिक शाखा	
६.	" सागर कुमार पाण्डेय	"	IT officer	
७.	" शैलेश राउत	"	प्रशासन शाखा	
८.	" जितेन्द्र पटेल	"	वडा अध्यक्ष	
९.	" प्रमोद यादव	"	वडा अध्यक्ष	
१०.	" रविन्द्र कुमार गुप्ता	"	वडा अ.	Ravinder
११.	" राधिका साहनी	"	[illegible]	
१२.	" नगीमा देवी	"	म. संरक्षक	
१३.	" सम्सा खातुन	"	" सदस्य	
१४.	" तेतरी देवी	"	" तेतरी देवी	
१५.	" शकुन्तला ढकाल	(ओ.वी. फोकल पर्सन)		
१६.	" सुनिल कुमार कुशवाहा	—	वडा अध्यक्ष	
१७.	सुरेन्द्र प्रसाद यादव	—	वडा अध्यक्ष	
१८.	रविन्द्र बैठा	—	SOOCC विज्ञ	
१९.	श्री कुल प्रसाद पाण्डे	—	समिका रिसर्च एण्ड ट्रेनिङ सेन्टर, ललितपुर	
२०.	" हरि प्रसाद कार्की	—	राजस्व प्रमुख	
२१.	" उपेन्द्र कुमार साह	—	लेखा प्रमुख	

राजस्व सुधार कार्ययोजना तयारीका लागि परामर्शदाताले प्रस्तुत गरेको, छलफल गर्यो एवं प्राप्त सुझावहरूलाई प्रतिवेदनको मस्यौदामा समावेश गर्ने सहमति सम्पन्न भयो।